महालेखा परीक्षकको कार्यालय
Office of the Auditor General
(डोर मुकाम, झापा)
अ.छा.वे.

Phone: 4262381
4262415
4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल

मितिः २०७५।१०।२१

पत्र संख्याः २०७५।७६
च.नं.: २२

विषयः **लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।**

श्री कार्यालय प्रमुखज्यू,
कचनकवलगाउँ कार्यपालिकाको कार्यालय
झापा ।

लेखापरीक्षण ऐन, २०४८ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०७४।७५को विनियोजन/राजस्व/धरौटी/अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०७५।१०।०९ मा छलफल पश्चात् तयार गरिएको पाना ३७ (सैतिस) को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ । प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १९(१) बमोजिम ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फछ्र्यौट गरी सम्परीक्षण नगराएमा वा सम्परीक्षण गराई बाँकी रहेका व्यहोराहरु समावेश गरी लेखाउत्तरदायी अधिकृत/कार्यपालिका प्रमुखलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

बोधार्थ तथा कार्यार्थः
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाडौं :- प्रतिवेदन संलग्न

(घनश्याम काफ्ले)
निर्देशक

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
भद्रपुर ,झापा :- प्रतिवेदन संलग्न

आर्थिक कारोवारको स्थिति

कार्यालय र स्थानः श्री कचनकवल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, झापा ।		**नाम**	**कार्यरत अवधि**		**बेरुजु रकम**
आर्थिक वर्षः २०७४।७५			**देखि**	**सम्म**	
	कार्यालय प्रमुखः	रेखनाथ दाहाल	२०७४ श्रावण	२०७५ श्रावण	15626794.23
	लेखा प्रमुखः	लेखापाल इश्वरी कुमार पौडेल	०७४ श्रावण	हालसम्म	

विनियोजनः

सि.नं.	ब.उ.शि.नं.	कार्यक्रम	वार्षिक वजेट	निकाशा	खर्च	पेश्की बाकी
1.	8011373	वित्तीय समानीकरण अनुदान	216964000	216964000	168725940	
2.	80111373	सशर्त अनुदान	120981000	109525615.16	109525615.16	
3.	3658193	स्थानीय शासन सामुदायिक विकास (चालु)	460000	457000	457000	
4.	3658194	स्थानीय शासन सामुदायिक विकास (पूँजीगत)	600000	599821	599821	
5.	3650153	सामाजिक सुरक्षा कार्यक्रम	58257000	56784400	56784400	
6.	3658523	सीमा क्षेत्र विकास कार्यक्रम (चालू)	2245000	2233000	2233000	
7.	3658524	सीमा क्षेत्र विकास कार्यक्रम (पूँजीगत)	10274000	10262715	10262715	
8.	3658453	गरिबसँग विश्वेशर	429000	429000	429000	
		hDdf				

संघीय राजस्वः

क्र.सं.	शीर्षक नं.	लगत हसबली समेत रु.	असुली रु.	दाखिला रु.	बाँकी रु.	
1	15112	497955.00	497955.00	497955.00		

आन्तरिक राजस्वः

क्र.सं.	राजस्व अनुमान रु.	असुली रु.	दाखिला रु.	बाँकि
1	4000000.00	4343050.02	4343050.02	0

धरौटीः

गत वषंको जिम्मेवारी	**यस वषंको आम्दानी**	**जम्मा**	**फितां**	**बाकी**
5805.73	1263749.5	1269555.23	985500.00	284055.23

कोष तर्फः

कोष	**गत वषंको जिम्मेवारी**	**यस वषंको आम्दानी**	**जम्मा**	**खचं**	**बाकी**
कर्मचारी कल्याण कोष	350596.75	0	350596.75	0	350596.75
प्रकोप व्यवस्थापन कोष	149447.00	14872100	15021547	14431703	697217.00

दफा नं.	गो .भौ. नं र विवरण	रकम	फछ्र्यौट
	परिचयः स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु हो । प्रदेश १ मा अवस्थित यस गाउँपालिकाको क्षेत्रफल १०९.४५ वर्ग की.मी. र जनसंख्या ४२९१२ छ । गाउँपालिकामा ७वटा वडा र सभा सदस्य संख्या ३८ रहेको छ ।		
1.	**स्थानीय संचितकोषः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ वमोजिम विभिन्न स्रोतबाट प्राप्त निकासा तथा आम्दानीहरु गाउँपालिकाले स्थानीय सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले पेश गरेको आर्थिक वर्ष २०७४।०७५ को आय व्यय हिसावको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।		

सि.न.	आय तर्फ		जम्मा	व्यय तर्फ		जम्मा
	विवरण	रकम रू		विवरण	रकम रू	
१	**गत वर्षको जिम्मेवारी**		**६१६१२९८।३३**	**चालु खर्च** गा.पा तर्फ १५०७०९६५०.०९ प्रकोप व्यवस्थापन ४३३४१६७.७१	१५५०४३७८६।८०	**२८७७३९४०३।१०**
	क. मूल संचित कोष	५६५५४४८।६०		**पूजिगत खर्च** गा.पा तर्फ १२९१२०६१६.३० प्रदेश सरकार ७५७५०००.००	१३२६९५६१६।३०	
	कर्मचारी कल्याण कोष	३५०५९७।००		**जम्मा रू**	**२८७७३९४०३।१०**	
	प्रकोप व्यवस्थापन कोष	१४९४४७।००		**वित्तिय व्यवस्था भुत्तानी**		**०।००**
	धरौटी खाता	५८०५।७३		क. ऋण भुक्तानी	०।००	
	जम्मा	**६१६१२९८।३३**		**जम्मा**	**०।००**	
	राजस्व आय तर्फ		**५२१५९८३।२१**	क ऋण भुक्तानी	०।००	
२	क. आन्तरिक राजस्व आय	४३४३०५०।२०		ख. व्याज भुक्तानी	०।००	
	ग. अन्य आय एनएल आर बडा	८७२९३३।०१		**जम्मा**	**०।००**	
	जम्मा	**५२१५९८३।२१**		**धरौटी फिर्ता**	९८५५००।००	**९८५५००।००**
	वितिय हस्तान्तरण		**३२६४८९६१५।१६**	**जम्मा रू**	**९८५५००।००**	
				कोष खर्च प्रकोप जि.प्र.का	**९८७२१००।००**	**९८७२१००।००**
३	क. वितिय संमानिकरण	२१६९६४०००।००		**बैरूजु दाखिलाको रकम प्राप्त**	४९७९५५।००	४९७९५५।००

दफा नं.	गो .भौ. नं र विवरण						रकम	फछ्र्यौट
		ख.सर्सत अनुदान शिक्षा स्वास्थ्य कृषि पशु	१०९५२५६१५।१६					
		जम्मा	**३२६४८९६१५।१६**		**नपाल सरकार बाट प्राप्त**		७०७६५९३६।००	
		नपाल सरकार बाट प्राप्त		७०७६५९३६।००	सामाजिक सुरक्षा भत्ता	५६७८४४००।००		
		सामाजिक सुरक्षा भत्ता	५६७८४४००।००		सिमा क्षेत्र विकास कार्यक्रम पूजिंगत	१०२६२७१५।००		
	४	सिमा क्षेत्र विकास कार्यक्रम पूजिंगत	१०२६२७१५।००		सिमा क्षेत्र विकास कार्यक्रम चालु	२२३३०००।००		
		सिमा क्षेत्र विकास कार्यक्रम चालु	२२३३०००।००		एल.जि.सी.पी.डी पूजिंगत	५९९८२१।००		
		एल.जि.सी.पी.डी पूजिंगत	५९९८२१।००		एल.जि.सी.पी.डी चालु	४५७०००।००		
		एल.जि.सी.पी.डी चालु	४५७०००।००		गरिवसंग विश्वेश्वर कार्यक्रम	४२९०००।००		
		गरिवसंग विश्वेश्वर कार्यक्कम	४२९०००।००		जम्मा	७०७६५९३६।००		
		जम्मा	७०७६५९३६।००	४९७९५५।००	**अन्तिम मौज्दात**		**५४९६२५४३।१०**	
		बैरूजु दाखिलाको रकम प्राप्त	४९७९५५।००		**नगद मौज्दात**	२१०५००।००		
					बैंक मौज्दात			
	५	**जम्मा**	**४९७९५५।००**	३७७५०००।००	क. मूलकोष खाता	४४१११९०९।७०		
		प्रदेश सरकारबाट प्राप्त अनुदान			ख. चालु खर्च खाता	७१२८६२५।३८		
		क.वितिय संमानिकरण अनुदान			ग. प्रकोप व्यवस्थापन	६९७२१७।००		
	६	ख. सर्शत अनुदान	३७७५०००।००		घ. पूजिगत	२१७९६३९।०४		
		ग.विषेश अनुदान	०।००		धरौटी खाता	२८४०५५।२३		
		अन्तर स्थानिय तहबाट प्राप्त अनुदान		९८७२१००।००	कर्मचारी कल्याण कोष खाता	३५०५९६।७५		
		क.जिल्ला प्रशासन कार्यालय राहात	९८७२१००।००					
		विभिन्न कोषतर्फको आम्दानी		**१२६३७४९।५०**				
	७	**धरौटी आय**	१२६३७४९।५०					
		भुक्तानी दिनुपर्ने दायित्व		**७८१८००।००**				
		सामाजिक सुरक्षा भत्ता २०७३।०७४संघिय सरकार फिर्ता गर्नुपर्ने	५८१८००।००					
		प्रदेश सरकारको फिर्ता नर्गुपर्ने	२००००००।००					
		जम्मा		**४२४८२३४३७२०**	**जम्मा रू**		**४२४८२३४३७२०**	

<table>
<tr><th>दफा नं.</th><th>गो .भौ. नं र विवरण</th><th>रकम</th><th>फछ्र्यौट</th></tr>
<tr><td></td><td>उल्लेखित आथिंक कारोवारहरुको जोखिम विश्लेषण, नमुना छनौट, लेखापरीक्षण नीति मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र, लेखापरीक्षण मागंदशंन, व्यावसायिक लेखापरीक्षणका असल अभ्यासको आधारमा तयार गरीस्वीक.त लेखापरीक्षण योजना, कायंक्रम र लेखापरीक्षणको विधि अनुसार छनौट ृक्कउष्लिर्न को आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कषं सहित प्रतिवेदन जारी गनुं हो भने आथिंक कारोवार र वित्तिय विवरणको सम्पूणं जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । लेखापरीक्षण सम्पन्न पश्चात देखिएका व्यहोराहरु उपर मिति २०७५।१०।०९मा व्यवस्थापनस)ग छलफल गरी कायम भएका व्यहोराहरु प्रतिवेदनमा समावेश गरिएको छ ।</td><td></td><td></td></tr>
<tr><td>१.१</td><td>गत बर्षको मौज्दात रु.६७,२६,२७३।८५ यसबर्ष जिम्मेवारी सार्नुपर्नेमा रु.६१,६१,२९८।३३ मात्र जिम्मेवारी सारी रु.५,६४,९७५।५२ घटी जिम्मेवारी सारेको छ । त्यस्तै चालु खर्च तर्फ खुद खर्च रु १५०७०९६५०।०९ मा प्रकोप व्यवस्थापन तर्फको पूँजिगत खर्च रु ४३३४१६७।७१ समेत रु १५५०४३७८६।८० खर्च देखाएको एवं प्रकोप व्यवस्थापन तर्फ खुद खर्च रु ४२४१७३०।०० भएकोमा रु ४३३४१६७।७१ देखाएकोले रु ९२४०६।०० वढि खर्च देखाएको छ । जसबाट एकीकृत आय व्ययले यथार्थ हिसाब चित्रण गर्दैन । साविक गाउँ विकास समिति तर्फको निम्नानुसार रकम रु.५,६४,९७५।५२ जिम्मेवारी सार्नुपर्ने एर्व वढि खर्च रु ९२४०६।७१ समेत रु ६५७३८२।२३ सम्वन्धमा प्रमाण पेश गरी हिसाब मिलान गर्नुपर्ने रु.
<table>
<tr><th>साविक गाविस</th><th>रकम</th></tr>
<tr><td>पाठामारी</td><td>7453.00</td></tr>
<tr><td>पथरिया</td><td>213757.00</td></tr>
<tr><td>घेरावारी</td><td>56171.52</td></tr>
<tr><td>तिलुवाडी</td><td>7867.00</td></tr>
<tr><td>केचना</td><td>22219.00</td></tr>
<tr><td>बनियानी</td><td>257508.00</td></tr>
<tr><td>जम्मा</td><td>564975.52</td></tr>
</table></td><td>657382.23</td><td></td></tr>
<tr><td>2.</td><td>खर्च गर्ने अख्तियारी र कार्यविधिः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३(१) मा सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने, ७३(६) मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, कार्यदक्षता, प्रभावकारीता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनुपर्ने र ७३(७) मा कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शिर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने व्यवस्था छ । नगर सभाबाट मिति २०७४।१०।१५ मा बजेट स्वीकृत भएकोमा २०७४।१०।२१ मा प्रशासकिय अधिकृतलाई अख्तियारी दिएको पाइयो । ऐनको दफा ७३ (६) अनुसारको व्यवस्थाको लागि कार्यविधि तर्जुमा भएको पाइएन । प्रचलित कानून वमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ ।</td><td></td><td></td></tr>
<tr><td>3.</td><td>वजेट पेश गर्ने तथा पारित गर्नेः स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालीकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय , चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न</td><td></td><td></td></tr>
</table>

<table>
<tr><th>दफा नं.</th><th>गो .भौ. नं र विवरण</th><th>रकम</th><th>फछ्र्यौट</th></tr>
<tr><td></td><td>गरी आषाढ भित्रनै पारीत गर्नुपर्ने व्यवस्था भएकोमा यस आर्थिक वर्षको आय व्यय २०७४।१०।१५ मा मात्र सभामा पेश भै २०७४।१०।१५ मा पारित भएको पाइयो ।</td><td></td><td></td></tr>
<tr><td>3.1.</td><td>श्रोत अनुमान तथा वजेट सिमाः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ वमोजिम गाउँपालीकामा प्राप्त हुने आन्तरिक आय , राजश्व वाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान,ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सिमा निर्धारण गर्न अध्यक्ष वा प्रमुखको अध्यक्षतामा ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण र सो को , सन्तुलीत वितरणको खाका तथा वजेट सिमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकिकरणका आधार वजेट तर्जुमा मार्गदर्शन तय र कार्यपालीकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा सो अनुसार प्रतिवेदन पेश गरिनुपर्दछ ।</td><td></td><td></td></tr>
<tr><td>4.</td><td>बैंक हिसाब -कार्यालयको खाता हिसाव र वैंक हिसाव एक आपसमा भिडान गर्नुपर्ने व्यवस्था छ । कार्यालयले पेश गरेको विवरण अनुसार बैक मौज्दात देहाय बमोजिम रहेको छ ।
<table>
<tr><td>शिर्षक</td><td>बैंक अनुसारको मौज्दात</td></tr>
<tr><td>मुल कोष खाता</td><td>44111909.7</td></tr>
<tr><td>पूजीगत</td><td>2179639.04</td></tr>
<tr><td>चालूखर्च खाता</td><td>7128625.38</td></tr>
<tr><td>प्रकोप व्यवस्थापन कोष</td><td>697217.20</td></tr>
<tr><td>धरौटी</td><td>284055.00</td></tr>
<tr><td>कर्मचारी कल्याण कोष</td><td>350596.00</td></tr>
<tr><td></td><td>54752042.32</td></tr>
</table></td><td></td><td></td></tr>
<tr><td>5.</td><td>सञ्चित कोषमा ट्रान्सफरः स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ७५ मा एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकि रहेको रकम आर्थिक वर्षको अन्त्यमा सन्चित कोषमा जम्मा हुने व्यवस्था छ । गाउँपालिकाले खर्च हुन नसकी बाँकी रहेको रकम रु.१,१४,५२,३८४।८४मिति ०७५।३।३२ मा संघिय संचित कोषमा फिर्ता दाखिला गरेकोले सो रकम निकाशा तर्फ समायोजन गरी निकाशा कायम भएको छ । तर शुरुमा पेश्की दिएतापनि पेश्की नजनाई खर्च जनाएको तर पुरै खर्च नभई फिर्ता भएको रकम रु.७,५१,८३०। लेखापरीक्षणको क्रममा मिति२०७५।१०।०३ मा दाखिला भएको भौचर पेश भएको छ ।</td><td></td><td></td></tr>
<tr><td>5.1.</td><td>लेखापरीक्षणको क्रममा स्वास्थ्य तर्फको रु १५२६३०।००, सामाजिक सुरक्षा तर्फ रु ५९९२००।००,एनएलआर तर्फको रु १६१९१०।०० र प्रकोप व्यवस्थापन तर्फको रु २१०५००।०० समेत जम्मा रु.११,२४,२४०। दाखिला भएको छ ।</td><td></td><td></td></tr>
<tr><td>6.</td><td>वजेट तथा कार्यक्रम तर्जुमाः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६७ मा उपाध्यक्ष वा उपप्रमुखको संयोजकत्वमा ४ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरि आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसी तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था रहेकोमा कार्यक्रमको प्राथमिकिकरण र विषय क्षेत्रगत कार्यक्रम अनुसार कार्यकम वर्गिकरण गरेको नदेखिएकोले कानूनी व्यवस्था अनुसार कार्यक्रमको प्राथमिकिकरण र विषय क्षेत्रगत कार्यक्रमको वर्गिकरण गरी सञ्चालनहुनुपर्ने देखिन्छ ।</td><td></td><td></td></tr>
</table>

दफा नं.	गो .भौ. नं र विवरण	रकम	फछ्र्यौट
6.1.	**योजना तर्जुमा र कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ मा गाउँपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना वनाई लागु गर्ने व्यवस्था रहेकोमा गाउँपालिकाले सो अनुरुपको योजना तर्जुमा गरेको देखिएन ।		
6.2.	**मध्यकालिन खर्च संरचनाः** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा १७ मा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यकालिन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले मध्यकालिन खर्च संरचना तयार गरेको देखिएन ।		
6.3.	**योजना संचालन र हस्तान्तरण :** आयोजना सञ्चालन गर्ने निकायले सम्पन्न भईसकेका आयोजनाहरुको नियमित रेखदेख र मर्मत सम्भार कार्य आफैले गर्ने वा त्यस्ता आयोजनाको स्वामित्व समेत सम्बन्धित उपभोक्ता समितिलाई हस्तान्तरण गरी दिगो संचालन हुने व्यबस्था मिलाउनु पर्दछ । योजना कार्यन्वयन कार्यतालिका तयार नगरेको योजनाको प्रगति स्थिति सन्तोषजनक नभएको एवं योजना अनुसार कार्यक्रमको प्रभावकारिता हासिल गरेको सम्बन्धमा आधार तयार नगरेको स्थिति समेत छ । साथै योजना किताबमा सबै योजना हस्तान्तरण गर्ने फारमको व्यवस्था गरेपनि व्यवस्थित रुपमा दस्तखत गरी सबै योजनाहरु हस्तान्तरण भएको देखिदैन । अतः विधिवत् रुपमा हस्तान्तरण गरी प्रतिवेदन तयार गर्नुपर्दछ ।		
7.	**लक्ष्य प्रगतिको स्थिति -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका गाउँपालिका स्तरिय,प्रदेश स्तरिय तथा संघिय स्तरिय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम र अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण दिएको देखिएन ।		
7.1.	**चौमासिक प्रगति :** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ७६(३) बमोजिम प्रमुख प्रशासकिय अधिकृतले गाउँपालिका तथा गाउँपालिकाको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिन भित्र कार्यपालिकाको वैठकमा पेश गर्नु पर्ने ७६(४) मा नगरपालिका/ गाउँपालिकाले आफ्नो आय र व्ययको विवरण प्रत्येक महिनाको ७ गते भित्र सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेकोमा सो अनुसार गाउँपालिका बैठकमा पेश भएको र सार्वजनिक भएको पाइएन ।		
7.2.	**लक्ष्य प्रगतिः-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक र वार्षिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती तयार नदेखिएकोले सन्चालित योजनाको भौतिक प्रगति एकिन गर्न सकिएन । कार्यालयले पेश गरेको याजनागत खर्चको विवरण अनुसार निम्नानुसारका कार्यक्रमको वित्तीय प्रगति न्यून देखिएकोले वान्छित प्रगति हासिल गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।		

क्र.स.	योजनाकोनाम	विनियोजित रकम	खर्च
१	बडोझोडा पश्चिमराजमार्ग देखि सुरु गरी दक्षिण प्रेम भट्टा बर्मेली टोल हुदै कचनकवल स्तम्भसम्मसडक स्तरनोन्नती	७१०००००००	०००
२	साविक पाठामारी १ बाटसुरु गरी मेनरोड देखी वडा नं ९ फुलवारी, वडा नं ३ नयाँबजार सम्म सडकस्तरोन्नती	८०००००००	०००

दफा नं.	गो .भौ. नं र विवरण	रकम	फछ्र्यौट
	३ फोहोरमैलाव्यवस्थापनका लागि डस्टविन खरिद ३००००००० ०००		
8.	**चौमासिक खर्चः**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजि स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार प्रथम चौमासिकमा ०.७ प्रतिशत, दोश्रो चौमासिकमा १.१ प्रतिशत, तेश्रो चौमासिकमा ९८.२ प्रतिशत र आषाढमा ४३ प्रतिशत खर्च गरेको देखिएको छ । कार्यालयको स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रत्येक चौमासिकमा सन्चालन गरिने कार्यक्रम र सो कार्यक्रममा खर्च हुने बजेटको व्यवस्था गरिएको र सोही कार्यक्रम अनुसार खर्च व्यवस्थापन हुनुपर्नेमा स्वीकृत वार्षिक कार्यक्रम अनुसार तोकिएको चौमासिकमा कार्यक्रम सन्चालन हुन नसकी तेश्रो चौमासिक र आषाढमा मात्र खर्चको बोझ बढी भएको देखिन्छ । तोकिएको चौमासिक अवधिमा खर्च नहुंदा सम्पादित कार्यको पर्याप्त अनुगमन नहुने, गुणस्तर कायम नहुने र आन्तरिक नियन्त्रण प्रभावकारी नहुने हुँदा यसतर्फ कार्यालयले आवश्यक ध्यान दिइ वार्षिक कार्यक्रम अनुसार खर्च व्यवस्थापन गर्नुपर्ने देखिन्छ । क्र.सं. | बजेट उपशिर्षक | कुल खर्च रु. हजारमा | चौमासिक खर्च रु. हजारमा | प्रथम चौमसिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | असाढ महिना 1 | पूजीगत | 137011 | 962 | 1515 | 134533 | 59001 **खर्च प्रतिशत | 100 | 0.7 | 1.10 | 98.2 | 43**		
9.	**सम्पत्ति हस्तान्तरणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा गाउँपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ ।		
9.1.	**सम्पत्तिको अभिलेखः** सावंजनिक खरिद नियमावली, २०६४ को नियम १४९ ृ५ मा सावंजनिक निकायले भौतिक सम्पत्तिको अभिलेख राख्नुपनें व्यवस्था रहेको छ । कायांलयलले अन्य जिन्सी सामग्रीहरुको अभिलेख राखेको भए तापनि आपनो कायंक्षेत्रभित्र पनें भौतिक सम्पत्तिहरु सडक, पुल, कल्भटं, नाली, रेलिँ आदिको नाप समेत खुल्ने गरी अभिलेख तयार गरेको छैन ।		
10.	**सम्पत्ति विवरणः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११० मा सदस्यले पद धारण गरेको र प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले साठी दिनभित्र आफ्नो परिवारको सदस्यको नाममा रहेको चल अचल सम्पत्तिको स्रोत वा निस्सा सहितको अद्यावधिक विवरण सम्वन्धित स्थानीय तहमा पेश गर्नुपर्ने व्यवस्था रहेकोमा कानूनी व्यवस्था अनुसार सम्पत्ति विवरण पेश गरेको जनाएको छ ।		

दफा नं.	गो .भौ. नं र विवरण	रकम	फछ्र्यौट
11.	**आन्तरीक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य नियमितता, मितव्ययी, दक्षतापुर्ण र प्रभावकारी, ढंगवाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रर्णाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । कार्यालयले कानूनी व्यवस्था बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको नदेखिएकोले कार्यालयको आन्तरिक नियन्त्रण प्रभावकारी छ भनी एकिन गर्न सकिएन । आन्तरिक नियन्त्रण सम्बन्धमा देखिएका थप व्यहोरा निम्न छन् ।		
11.1.	**जिन्सीनिरीक्षणः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ५० मा कार्यालय प्रमुखले एक वर्षमा कम्तीमा एक पटक आफैले निरीक्षण गरी वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारी वा प्राविधिकद्वारा निरीक्षण गर्न लगाई त्यसको प्रतिवेदन लिखित रूपमा लेखि वा लिई राख्ने र प्रतिवेदनमा कैफियत देखिएका व्यहोरा कार्यान्वयन गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन कार्यान्वयन भएको देखिएन । कार्यालयले खप्ने मालसामानको जिन्सी विवरणमा स्पेशिफिकेशन नखुलाई संख्यात्मक विवरण मात्र उल्लेख गरेको छ ।		
11.2.	कार्यालयले सम्पादन गर्ने कार्यक्रममा रहेका र आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी जोखिमहरुको रजिष्टर खडा गरी राख्नुपर्नेमा जोखिम पहिचान गरी समाधानको कार्य योजना तयार नगरेको,सन्चालित योजनाको काम तोकिएको समयमै सम्पन्न नगरेको,प्रत्येक निजामती पदको कार्य विवरण बनाइ लागु गर्नु पर्ने व्यवस्था रहेकोमा कार्य विवरण तयार नगरेको, सवारी साधन तथा मेशीनरी उपकरण मर्मत गरेपछि म.ले.प.फा.नं.२ मा अभिलेख राख्नु पर्ने व्यवस्था रहेकोमा कार्यालयले मर्मत अभिलेख खाता नराखेको, भ्रमण खर्च नियमावली २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूची -६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नु पर्ने व्यवस्था रहेकोमा कार्यालयले भ्रमण अभिलेख खाता नराखेको अवस्था छ । तसर्थ आन्तरिक नियन्त्रण बलियो बनाउनुपर्ने देखियो ।		
11.3.	**लागत अनुमान/खरिद योजनाः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा (५), (६) एवं सार्वजनिक खरिद नियमावली, २०६४ को नियम (३), (८) बमोजिम खरिद कारवाहीको तयारी, खरिद कार्य योजना, खरिदको प्रकार, बिधि, समय तालिका, खरिदको आर्थिक श्रोत, लागत अनुमान र खरिद आवश्यकताको पहिचान गरी खरिदको कुल बिबरण, परिमाण र क्षेत्रको यकिन गरी बार्षिक खरिद योजना र लागत अनुमान तयार गर्नुपर्नेमा कानूनी व्यवस्था बमोजिम खरिद योजना तयार गरेको देखिएन ।		
11.4.	**नापी किताब, ठेक्का बीलः** यो वर्ष ठेक्का भएका विभिन्न ठेक्काको रनिंग तथा अन्तिम बिल भुक्तानी गर्दा नापी किताब, ठेक्का सम्बन्धी बिल, कार्य सम्पन्न प्रतिवेदनमा ठेक्का नं., सम्झौता नम्बर कार्य सम्पन्न हुनुपर्ने मिति,बिलको क्रम संख्या कार्य सम्पन्न मिति उल्लेख गरेको छैन । ठेक्का सम्वन्धी भुक्तानीको महत्वपूर्ण कागजातको रुपमा रहेका नापी किताब, ठेक्का सम्वन्धी बिल, कार्य सम्पन्न प्रतिवेदनमा यस्ता विषयहरु उल्लेख नगर्दा ठेक्काको अभिलेख व्यवस्थापनमा कमजोरी रहने हुंदा नापी किताब, ठेक्का सम्वन्धी बिल तथा कार्य सम्पन्न प्रतिवेदन अद्यावधिक रुपमा राखिनु पर्दछ ।		

दफा नं.	गो .भौ. नं र विवरण	रकम	फछ्र्यौट
11.5.	**मू.अ.कर दर्ता नभएकासंग खरिदः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९(१) अनुसार सार्वजनिक निकायले बीस हजार रूपैयाँभन्दा बढी रकमको मालसामान खरिद गर्दा वा निर्माण कार्य गराउँदा आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नु पर्ने व्यवस्था रहेकोमा कार्यालयले उपभोक्ता समिति मार्फत गराएका कार्यहरुमा मू.अ.कर दर्ता नभएका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट विभिन्न निर्माण सामग्री र अन्य मालसामान खरिद गरी कार्य गरेको देखिएकोले कानूनी व्यवस्था बमोजिम मू.अ.कर दर्ता भएका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट खरिद कार्य गर्ने गराउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।		
11.6.	**विद्युतिय लेखा :** अर्थ मन्त्रालयको च.नं.२९३ मिति २०७४।९।२ को प्रदेश तथा स्थानीय तह संचितकोषका व्यवस्थपन प्रणाली कार्यान्वयन सम्वन्धि पत्रानुसार बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण निर्देशिका २०७४ को वुंदा नं. ५.१० मा सबै स्थानियतहहरुले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नु पर्ने व्यवस्था छ । गाउँपालिकाले नेपाल सरकारको खर्चको वर्गीकरण व्याख्या अनुरुप श्रेस्ता राखेको छैन । सबै स्थानियतहले सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट User ID तथा Passwordप्राप्त गरी आफ्नो संचितकोषको संचालनमा गर्नुपर्ने, वजेट निर्माण, लेखापालन र प्रतिवेदनका लागि यस प्रणालीको उपयोग गर्ने उल्लेख गरेकोमा यस वर्ष गाउँपालिकाले Sub National Tresury Regulatory application (SUTRA)प्रयोगमा ल्याएको देखिएन । तसर्थ (SUTRA) प्रयोग गरी लेखा प्रणाली व्यवस्थित गर्नु पर्दछ । गत बर्ष गाउँपालिकाले साग्रिला सफ्टवेयरमा लेखा राखेको देखियो । गाउँपालिकाले यस आर्थिक बर्षको श्रावण देखि (SUTRA) प्रयोग गरेको जनाएको छ ।		
11.7.	**प्रशासकीय संगठन र कर्मचारी दरवन्दीः** स्थानीय सरकार सञ्चालनऐन २०७४ को दफा ८३ मा गाउँपालिकाले आफ्नो कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टता समेतलाई ध्यनमा राखी कर्मचारी समायोजन भएपछि संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा विषयगत शाखा र महाशाखा रहेको संगठनसंरचना कायम गर्नुपर्ने व्यवस्था रहेको छ । हाल ३२ जना प्रशासन तर्फको दरबन्दी मात्र रहेकोले कार्यालयको निर्दिष्ट उद्देश्य प्राप्तिका लागि बिषयगत शाखा र महाशाखाको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी दरवन्दी अनुसार पदपूर्ति गर्नेतर्फ सम्वन्धित निकायले ध्यान दिनुपर्ने देखिन्छ । अनावश्यक पद भए खारेज गर्नु पर्ने तथा स्वीकृतदरबन्दी बेगर करारमा कर्मचारी नियुक्ति गर्ने परिपाटी अन्त्य हुनुपर्दछ ।		
11.8.	**गाउँपालिका क्षेत्रभित्रको सम्पत्तिको संरक्षणः** स्थानीय सरकार सञ्चालनऐन २०७४ को दफा ९७ मा गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्ति, आफ्नो कोषबाट बनेको, खरिद भएको वा नेपाल सरकार, प्रदेश सरकार, कुनै संस्था वा व्यक्तिले दिएको सम्पत्ति, ढल, नाला, पोखरी, धार्मिक स्थल, पाटी, पौवा, घर, कुवा, धारा, इनार, गौचर, पानीघाट, निकास, चोक, गल्ली, सडक, बाटो सडकको दायाँबार्याका रुख, आफ्नो स्वामित्जमा रहेको भवन, जग्गा, पार्क, उद्यान, चौतारो, बसपार्क, वा अन्य संरचना, राष्ट्रिय निकुन्ज, वन्यजन्तु आरक्ष, सीमसार क्षेत्र, तथा राष्ट्रिय वन बाहेक आफ्नो क्षेत्राधिकारभित्रको अन्य वन, संविधान र प्रचलित कानून बमोजिम नेपाल सरकार वा प्रदेश सरकारको क्षेत्राधिकार बाहेकको अन्य प्राकृतिक सम्पदा लगायतका सम्पत्तिको अद्यावधिक अभिलेख राखि त्यस्ता सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले त्यस्ता		

दफा नं.	गो .भौ. नं र विवरण	रकम	फछ्र्यौट
	सम्पत्तिको अभिलेख नराखेको, रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध समेत गरेको नदेखिएकोले कानूनी व्यवस्था बमोजिम अभिलेख राखि त्यस्ता सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।		
11.9.	**बरबुझारथः** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम नगरपालिका तथा गाउँपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा गाउँपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा गाउँपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।		
11.10.	**स्रोत नक्सांकनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम प्रत्येक गाउँपालिका र गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा गाउँपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन ।		
11.11.	**सम्भाव्यतता अध्ययन-**आथिंक कार्यविधि नियमावली, २०६४ को नियम २२ (१) मा पन्ध्र लाख रुपैयाभन्दा बढी लागत पनें विकास आयोजनाको बजेट तजुंमा गदां प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन र आथिंक, प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफलको समेत विचार गरी नेपाल सरकारबाट त्यस्तो आयोजना स्वीक.त भएको हुनुपनें व्यवस्था रहेको छ । कायांलयबाट सन्चालित कुनै पनि योजनाको सम्भाव्यता अध्ययन भएको देखिएन । सवेंक्षण र सम्भाव्यता अध्ययनको अभावमा कायंस्थलको वास्तविक अवस्था स्पष्ट नहुने, कायंको परिमाण अनिश्चित हुने, हुन सक्ने हुँदा विस्तृत सम्भाव्यता अध्ययन गरेर मात्र योजना सञ्चालनगर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।		
11.12.	**वातावरणीय प्रभाव** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा गाउँपालिका क्षेत्रमा स्थल, जल, वायू तथा ध्वनी प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ । गाउँपालिकाले वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको छैन । सालबसाली सरसफाईको काममा नगरक्षेत्रको सडक सफाइ, फोहोर संकलन गरी ढुवानी केन्द्रमा जम्मा गर्ने, नियमित सरसफाई, दैनिक ढल निकास खोल्ने कार्य, सिनो व्यवस्थापन, भूस्याहा कुकुर नियन्त्रण, लास व्यवस्थापन, चाडपर्व,नगर र नदी सरसफाई पर्दछन् । साझेदारीमा सडक क्षेत्रमा पार्क तथा हरियाली व्यवस्थापन, जनचेतना कार्यक्रम, ट्युबेल शौचालय निमार्ण, बजार अनुगमनको कार्यक्रम संचालन गरेता पनि बढ्दो शहरीकरणलाई मध्यनजर गरी वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरी लागु गर्नुपर्ने देखिन्छ ।		
11.13.	**राजस्व परामर्श समितिः** स्थानीय सरकार सञ्चालनऐन २०७४ को दफा ६५ मा राजस्व सम्वन्धी परामर्शको लागि एक स्थानीय राजस्व परामर्श समिति रहने व्यवस्था छ । उक्त समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत राजस्व सम्वन्धी कानूनको तर्जुमा, संशोधन, परिमार्जन र सोको परिपालनाका सम्वन्धमा आवश्यक परामर्श दिने, राजस्वको स्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्ने, राजस्वका दर र क्षेत्र लगायतका आधारमा आन्तरिक आयको		

दफा नं.	गो .भौ. नं र विवरण	रकम	फछ्र्यौट
	विश्लेषण गर्ने र अनुमान गर्ने लगायतका कार्यहरु तोकिएको छ । राजस्व परामर्श समितिको बैठक यो बर्ष ४ पटक बसेता पनि ऐनमा उल्लेख भए अनुसारका कार्यहरु गरेको देखिएन ।		
11.14.	**स्थानीय तथ्यांक र अभिलेख**: स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ वमोजिम नगरपालीकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालीकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको देखिएन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुदा नगरपालीकाले अभिलेख व्यवस्थापन गर्न ध्यान दिनुपर्ने देखिएको छ ।		
11.15.	**कार्यविभाजन र कार्यसम्पादन**:स्थानीय सरकार सञ्चालनऐन २०७४ को दफा १६ मा कार्यपालिकाको कार्यविभाजन र कार्यसम्पादन सम्वन्धी व्यवस्था कार्यपालिकाले स्वीकृत गरेको नियमावली बमोजिम हुने व्यवस्था रहेकोमा सो सम्वन्धी नियमावली तयार गरेको नदेखिएकोले कार्यविभाजन र कार्यसम्पादन नियमावलीको अभावमा कार्यसम्पादनमा अस्पष्टता र द्विविधा हुनसक्ने हुँदा कानूनी व्यवस्था बमोजिम हुनुपर्ने देखिन्छ ।		
11.16.	**कानून निर्माण**:स्थानीय सरकार सञ्चालनऐन २०७४ को दफा २० मा उपमहागाउँपालिकाको अधिकारक्षेत्रको विषयमा सभामा विधेयक प्रस्तुत गर्न सक्ने व्यवस्था रहेकोमा हालसम्म ९ वटा विधयेक पेश भएको छ । गाउँपालिकाले आफ्नो अधिकारक्षेत्रको विषयमा कुनै कानून निर्माण नगर्दा स्थानीय सरकारको संस्थागत विकासमा सुस्तता आउने हुँदा कानूनी व्यवस्था वमोजिम हुनुपर्ने देखिन्छ ।		
11.17.	**समिति गठन**:स्थानीय सरकार सञ्चालनऐन २०७४ को दफा २२ मा नगरसभाले आफ्नो कार्यप्रणालीलाई व्यवस्थित गर्न नियमावली वनाई लेखा समिति, विधायन समिति, सुशासन लगायत आवश्यकता अनुसार समिति र विशेष समिति गठन गर्न सक्ने व्यवस्था रहेकोमा ऐनले तोके बमोजिमका ७ वटा समितीहरु गठन भई कार्यन्वयनमा आएको छ ।		
11.18.	**नक्शा पास**:स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा२७ मा गाउँपालिकाबाट नक्शा पास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था रहेकोमा कार्यालयले ५६९ वटा नक्शा पास गरेकोमा ५६४ सम्पन्न भई ५ वटा सम्पन्न हुन वाँकि रहेको जनाएको छ ।		
11.19.	**सेवा प्रवाहः** कार्यालयले आर्थिक वर्ष २०७४।७५ सेवा प्रवाहतर्फ गरेको कार्यसम्पादन विवरण अनुसार नागरिकता सिफारिश संख्या १०९५ घर बाटो सिफारिस संख्या ८०५ नाता प्रमाणित २०५ जन्म मृत्यू दर्ता १७८५ र अन्य विभिन्न २७५० रहेको छ । सेवा प्रवाहको अभिलेख थप व्यवस्थित गर्नु पर्दछ ।		
11.20.	**न्यूनतम दररेट निर्धारणः** स्थानीय सरकार सन्चालन ऐनको दफा १३ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण		

दफा नं.	गो .भौ. नं र विवरण	रकम	फछ्र्यौट
	कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री, ज्याला तथा महशुलको स्थानीय न्यूनतम दररेट तोक्नुपर्ने र यस्तो दररेट आर्थिक वर्ष हुनुभन्दा १५ दिन अगावै तोक्नुपर्ने व्यवस्था रहेकोमा गाउँपालिकाले आर्थिक बर्ष २०७४ मा स्थानीय दररेट तोकेको नदेखिएकोले कानूनी व्यवस्था बमोजिम गर्नुपर्ने देखिन्छ ।		
12.	**खरिद व्यवस्थापन**		
12.1.	**बोलपत्र र सिलवन्दी दरभाउपत्रद्धारा खरिदः** स्थानीय सरकार सञ्चालनऐन २०७४ को दफा ७४ मा गाउँपालिकाले सार्वजनिक खरिद गर्नुपर्दा संघीय खरिद ऐन बमोजिम गर्नुपर्ने व्यवस्था रहेको छ । सार्वजनिक खरिदलाई प्रतिस्पर्धात्मक तरिकाबाट न्यून लागतमा गर्नाका लागि बोलपत्र र सिलवन्दी दरभाउपत्रद्धारा खरिद गर्ने व्यवस्था खरिद कानूनले गरेकोमा कार्यालयबाट सबै निर्माण कार्यहरु उपभोक्त समिति मार्फत गराएको र खरिद कार्य सूचीकृत फर्मबाट सोझै खरिद गरेकोले खरिद ऐन नियममा भएको प्रतिस्पर्धालाई सिमित गरेको देखिन्छ । खरिद र निर्माण कार्यलाई प्रतिस्पर्धि, पारदर्शी र मितव्ययी वनाउन खरिद कानूनको व्यवस्थालाई कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।		
12.2.	**सोझै खरिदः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था रहेको छ भने सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४(१) मा रु.२० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान वा अन्य सेवा सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिने, नियम ८५(१) मा रु.५ लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था रहेको छ भने नियम ८५(१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एकपटकभन्दा बढी सोझै खरिद गर्न नपाउने व्यवस्था रहेको छ । कार्यालयले कानूनी व्यवस्था विपरित निम्नानुसार खरिद गरेको देखिएकोले रु. 2047505को खरिद कार्य अनियमित देखिएको रु.	20,47,505/-	

मिति	फर्मको नाम	भुक्तानी रकम
7/05/2074	आरसि प्रिन्टीग प्रेस	233769
12/11/2074	ज्योति एडर्भटाइजिंग एण्ड मार्केटिंग प्रा.लि.	105768
26/10/2074	जे.पी मिडिया प्रा.लि.	73224
2/11/2074	पूजा प्रिन्टिंग प्रेस	287048
3/02/2075	आरसि प्रिन्टिग प्रा.लि.	372335
1/03/2075	मल्टीफेरस कन्सल्टेन्सी एण्ड रिसर्च सेन्टर प्रा.लि.	399174

दफा नं.	गो .भौ. नं र विवरण	रकम	फछ्र्यौट
	10/03/2075 आमा नोटिस एण्ड एडर्भटाइजिंग 395500 9/02/2075 माँ काली कम्प्युटर 180687 जम्मा 2047505		
13.	**आन्तरीक आय** :स्थानीय सरकार सञ्चालनऐन २०७४ को दफा ५४ मा कानून बमोजिम बाहेक गाउँपालिकाले आफ्नो क्षेत्राधिकारभित्र कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाउने व्यवस्था रहेको छ भने अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा २(३) संग सम्वन्धित अनुसूची ३ मा स्थानीय तहले लगाउन सक्ने कर र गैर करको व्यवस्था गरेको छ । जस अनुसार कर तर्फ सम्पत्ति कर, घरबहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, भूमिकर (मालपोत), विज्ञापन कर, मनोरन्जन कर, व्यवसाय कर समेत ८ प्रकारका कर र गैर करतर्फ सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, दण्ड जरिवाना समेत ३ प्रकारका गैरकर लगाउन सक्ने व्यवस्था छ । यस वर्ष रु.४०००००००/०० को आन्तरीक आय असुली गर्ने लक्ष्य रहेकोमा रु ४३४३०५०/०० असुली गरेको छ । तर गाउँपालिकाले आफनो आयको संभावित सबै श्रोतको संभावित परिमाण, संख्या, क्षेत्रफल एकिन गरी सभाले स्वीकृत गरेको दर अनुसार हुने आय एकिन गरेको छैन । कर बुझाउन आउनेसँग मात्र असुली गरेको छ । के कति असुल हुन सक्ने अवस्थामा छ भनी वस्तुपरक रुपमा अभिलेख व्यवस्थित गरेको छैन । आन्तरिक आय को सम्वन्धमा देखिएका अन्य व्यहोरा निम्नानुसार छन्		
13.1.	**आय रसिदः** आन्तरिक आय प्राप्त गर्ने प्रयोजनका लागि गाउँपालिकाले नगदी रसिदको प्रयोग गरेको छ । गाउँपाकिले यस बर्ष देहाय बमोजिमको नगदी रसिद आम्दानी एवं खर्च देखाएको छ । विवरण / आम्दानी / खपत / बाँकी आम्दानी रसिद 136 96 40 मालपोत रसिद 121 83 38 घरधुरी रसिद 30 3 27 । तर वडा कार्यालयले प्रयोग गरेका रसिदहरुको रसिदगत विवरण र रकम खुल्ने खाता पेश नभएकोले वडा कार्यालयले कति रसिदबाट कति रकम आम्दानी गरी कति दाखिला गरे सो एकिन गर्न सक्ने अवस्था देखिएन । तसर्थ राजश्व रकमको प्राप्ति र दाखिला सम्बन्धमा गाउँपालिकाले अनुगमन गरी यर्थाथता एकिन गर्नुपर्दछ ।		
13.2.	**व्यवसाय करः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा गाउँपालीकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नूपर्नेमा राजस्वको दर तोकेता पनिव्यवसायी एवं संभाव्य करदाताको यर्थाथपरक अभिलेख समेत नराखेकोले सो व्यवस्थित गरी आन्तरिक आम्दानी वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।		

<table>
<tr><th>दफा नं.</th><th>गो .भौ. नं र विवरण</th><th>रकम</th><th>फछ्र्यौट</th></tr>
<tr><td>13.3.</td><td>कर असुली:स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ५४ मा कानून बमोजिम बाहेक गाउँपालिकाले आफ्नो क्षेत्राधिकारभित्र कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाउने व्यवस्था रहेको छ भने अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा २(३) संग सम्वन्धित अनुसूची ३ मा स्थानीय तहले लगाउन सक्ने कर र गैर करको व्यवस्था गरेको छ । जस अनुसार कर तर्फ सम्पत्ति कर, घरबहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, भूमिकर (मालपोत), विज्ञापन कर, मनोरन्जन कर, व्यवसाय कर समेत ८ प्रकारका कर र गैर करतर्फ सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, दण्ड जरिवाना समेत ३ प्रकारका गैरकर लगाउन सक्ने व्यवस्था रहेकोमा गाउँसभाले रु.४०,००,०००। आन्तरिक आम्दानी गर्ने लक्ष्य तोकेकोमा रु.४३,४३,०५०।०२ आन्तरिक राजस्व असुली गरेको देखिएको छ ।

तथापि राजश्व परामर्श समिती एवं गाउँसभाबाट पारित दररेट अनुसार कवाडी र जीवजन्तु कर, मनोरन्जन कर विज्ञापन कर, पर्यटन दस्तुर, आदि शिर्षकमा आय प्राप्त नभएको र संभाव्य करदाताहरुको अभिलेख व्यवस्थित नभएकोले प्राप्त भएका शिर्षकहरुमा पनि संभाव्यता अनुसार नै राजश्व प्राप्त भएको छ भन्न सक्ने अवस्था छैन ।</td><td></td><td></td></tr>
<tr><td>13.4.</td><td>गाउँ कार्यपालिकाको बोर्ड बैठकको निर्णय र राजश्व परामर्श समितिको बैठकबाट निर्णय गरी प्रति इटा भट्टा रु. २५ हजारका दरले कर असुल गर्ने निर्णय गरेकोमा तद्अनुरुप आय आर्जन गरेको छैन । राजश्व परामर्श समितिको मिति २०७५।३।४ को निर्णयबाट इटा भट्टाको लागि तोकिएबमोजिमको कर हालसम्म नबुझाएकोले ताकेत गर्ने सम्मको निर्णय भएको छ । तथापि निम्न ७ इटा भट्टा बाट असुल हुनुपर्ने रकम असुल भएको छैन । तसर्थ सम्बन्धितबाट उक्त रकम असुल गरी स्थानीय संचित कोषमा दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>सि.नं</th><th>नाम</th><th>रकम</th></tr>
<tr><td>1</td><td>प्रेम इटा उद्योग</td><td>25000</td></tr>
<tr><td>2</td><td>ज्योति इटा उद्योग</td><td>25000</td></tr>
<tr><td>3</td><td>एस बि आई इटा उद्योग १</td><td>25000</td></tr>
<tr><td>4</td><td>एस बि आई इटा उद्योग २</td><td>25000</td></tr>
<tr><td>5</td><td>स्टार इटा उद्योग</td><td>25000</td></tr>
<tr><td>6</td><td>चण्डी इटा उद्योग</td><td>25000</td></tr>
<tr><td>7</td><td>शिवम् इटा उद्योग</td><td>25000</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>175000</td></tr>
</table></td><td>1,75,000/-</td><td></td></tr>
<tr><td>13.5.</td><td>आम्दानी छुट: विगतमा ठेक्का व्यवस्थापन भएको कचनकवल वडा नं ४ को माछापोखरीको २०७० साल चैत्रमा साविक केचना गा.वि.स.ले ५ बर्षको लागि रु.२१,०५,०००। मा ठेक्का लगाएकोमा आ.व. ०७४।७५ मा सो ठेक्का बापत प्राप्त गर्नुपर्ने रु.४,२१,०००। मा बाढिले क्षति पुगेको भनी गाउँपालिकाको बोर्ड बैठकबाट रु.२,५०,०००। छुट दिएको र रु.६५,०००। जम्मा गरेको</td><td></td><td></td></tr>
</table>

दफा नं.	गो .भौ. नं र विवरण	रकम	फछ्र्यौट
	देखिएकोमा असुल हुन बाँकी रु.१,०६,०००। उल्लेख गरेको छ । ठेक्का रकम कबोल गरी नाफा तथा जोखिम व्यर्होने गरी ठेक्का स्वीकार गरेकोमा सम्बन्धितबाट छुट गरेको रकम रु. २,५०,०००। र उठ्न बाँकी रहेको रु.१,०६,०००। समेत रु.३,५६,०००। सम्बन्धितबाट असुल गरी स्थानिय संचित कोष दाखिला गर्नुपर्ने रु.	3,56,000/-	
13.6.	**बक्यौता रकम असुली** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तिय अधिकार क्षेत्र अर्न्तगत विभिन्न कर तथा शुल्क लगाउने र वक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ ।गाउपालिकाले गत विगत वर्ष देखिको वक्यौता असूली विवरण नराखेकोले के कति उठ्न बाँकी छ एकिन गर्न सकिएन । तसर्थ वक्यौता हिसाव राखि अद्यावधिक गर्नु पर्दछ ।		
14.	**न्यायिक समितिको वार्षिक विवरण :** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ५३(२) बमोजिम गाउपालिकाको न्यायिक समितिको गरेको कामको वार्षिक विवरण अध्यक्ष वा प्रमुख मार्फत सम्वन्धित सभामा पेश गर्नुपर्ने व्यवस्था छ । तर सो समितिको गरेको कामको वार्षिक विवरण अध्यक्ष वा प्रमुख मार्फत सम्वन्धित सभामा पेश गरेको देखिएन । अतः सम्वन्धित सभामा पेश गर्नु पर्दछ ।		
15.	**सूचना प्रविधि** : कार्यालयले सूचना प्रविधि अधिकृत नियूक्त गरी निजलाई यस वर्ष रु १,६४,०००।०० भुक्तानी गरेको छ । स्थानीय शासन तथा सामुदायीक विकास कार्यक्रम अन्तरगत नियूक्त भएको सूचना प्रविधि अधिकृत को कार्यशर्त विवरणमा कार्यालयका सुचना प्रविधि संग सम्वन्धित कर्मचारीलाई ICT सम्वन्धी ज्ञान तथा सीप हस्तान्तरण गर्न तालिम योजना तर्जुमा, स्थानीय तहमा हाल सञ्चालनमा रहेको सवै प्रणाली सञ्चालन गर्न सहयोग गरी प्रणालीहरु सुचारु रुपले सञ्चालन भएको हुने उल्लेख छ । लेखापरीक्षणको क्रममा कार्यशर्त विवरणमा उल्लेख भए अनुसारको तालिम सञ्चालन भई सम्वन्धित कर्मचारीमा ICT सम्वन्धी ज्ञान तथा सीप हस्तान्तरण भई दक्षता हाँसिल गरेको तथा स्थानीय तहका लागि महालेखा नियन्त्रकको कार्यालयले निशुल्क रुपमा उपलव्ध गराई सञ्चालनमा रहेको SUTRAसञ्चालन भएको देखिएन । कर्मचारीलाई ICT सम्वन्धी ज्ञान तथा सीप हस्तान्तरण गर्न तालिम संचालन गरी कार्यालयलाई प्रविधि मैत्री बनाउनु पर्दछ ।		
16.	**सामाजिक सुरक्षा भत्ताः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ (३) बमोजिम खर्च लेख्दा खर्चका विल भर्पाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष गाउँकार्यपालिकाका सचिवहरुलाई प्रथम, दोश्रो र तेश्रो सामाजिक सुरक्षा भत्ता पेश्की दिएकोमा देहायका व्यहोरा देखिएका छन् ।		
16.1.	• सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७२ को दफा २२ बमोजिम र आर्थिक वर्ष २०७४/०७५ बजेट वक्तव्य अनुसार सामाजिक सुरक्षा भत्ता रकम नगरपालिकामा बैंक मार्फत गरिने गाउँपालिकमा बैंकिङ्ग सुविधा भए बैंक मार्फत भत्ता वितरण गरिने व्यवस्था मिलाउने उल्लेख छ । यस वर्ष गाउँपालिकाले सामाजिक सुरक्षा भत्ता सम्बन्धित वडाका सचिवलाई पेश्की दिदैं भरपाईका आधारमा नगद वितरण गरेको देखिएकोले वितरण प्रणाली भरपर्दो र विश्वसनिय बनाउन बैंकिङ्ग प्रणाली भएका क्षेत्रमा बैंक मार्फत वितरण गर्नुपर्दछ । • सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७२ को दफा ९ अनुसार गाँउपालिका वा नगरपालिकाले भत्ता पाउने लाभग्राहीहरुको फोटो सहित अनुसूचि ५ बमोजिमको मूल अभिलेख अध्याबधिक गरी राख्नु पर्ने व्यवस्था छ । सामाजिक सुरक्षा		

<table>
<tr><th>दफा नं.</th><th>गो .भौ. नं र विवरण</th><th>रकम</th><th>फछ्र्यौट</th></tr>
<tr><td></td><td>पाउने व्यक्तिको नामनामेसी, नागरिकता नं., परिचय पत्र नं., फोटो आदि विवरण अद्यावधिक राखि मूल अभिलेख खाता व्यवस्थित गरी सोहि प्रमाणका आधारमा वित्तिय सूचना प्रणाली (MIS) मा डाटा अपलोड गर्दै दोहोरो नपर्ने गरी अभिलेख भिडान हुने गरी राख्नु पर्दछ । तर कार्यालयले मूल अभिलेख खाता वडा कार्यालयमा रहेको जनाई लेखापरीक्षणका लागि पेश नगरेको, अन्य विषयका हकमा उमेर पुरा भएपछिवा भत्ता पाउने भएपछि अभिलेखमा फोटो तथा ल्याप्चे नलगाई सोझै सफ्टवेयर इन्ट्री गरेको, सम्वन्धित वडाबाट नामनामेसी सहित अभिलेख व्यवस्थित गरी सिफारिस सहित कागजात प्राप्त भएपछि MIS मा प्रविष्ट गर्नुपर्नेमा सोझै गर्ने गरेको, अनुसूची ८ मा थप भएका र हराएका व्यक्तिको विवरण भरि प्राप्त नभएको केही नामनामेसी सफ्टवेयरबाट सोझै हटाउने र थप्ने कार्य भएको, वित्तिय सूचना प्रणालीमा सामान्य कुरा फरक भएमा समेत भिडान भई नामनामेसी प्रविष्ट गरेको, एउटै नागरिकता नं. भएकाको समेत MIS मा प्रविष्ट भएबाट वित्तिय सूचना प्रणाली भरपर्दो र विश्वसनिय नभएकाले सम्बन्धित निकायले सो प्रणालीमा भत्ता पाउनेको नामनामेसी दोहोरो नपर्ने गरी System बाट नियन्त्रण हुने गरी व्यवस्थित गर्नुपर्दछ । कार्यालयले वडा कार्यालय अनुगमन गरी भत्ता पाउने/नपाउने अभिलेख यकिन नगरेको, पञ्जिकरण अभिलेख (जन्म, मूत्यू, बसाई सराई) व्यवस्थित नभएको, मन्त्रालय/पंजिकरण विभागमा अनुसूची ८(क) नपठाएको र अभिलेख समेत पेश नगरेबाट भिडान गर्न सकिएन ।
● विभिन्न वडाहरुको सामाजिक सुरक्षा भत्ता वितरणको भरपाई परिक्षणको क्रममा भरपाईमा ल्याप्चे लगाई सकेकोमा पनि फिर्ता उल्लेख गरेको छ । सम्वन्धित लाभग्राहि वाहेकको अन्यलाई हस्तेको रुपमा समेत भत्ता बुझाएको देखिन्छ । दलित वालवालिकाको सम्वन्धमा सुविधा प्राप्त गरेका अभिभावकहरुको विवरण अध्यावधिक गरि नराखेको कारणले १ अभिभावकले कति वालवालिकाको लागि सुविधा प्राप्त गरेको छन् सो भिडान हुन सकेन । लाभग्राही विक्रम गजमेर को संरक्षक र जन्म मिति एकै भएको २ जना लाई वालवालिका सुरक्षा भत्ता वितरण गरेको देखिन्छ ।</td><td></td><td></td></tr>
<tr><td>16.2.</td><td>गाउँपालिकाको निम्न वडाको सवै चौमासिकमा सामाजिक सुरक्षा भत्ता वितरणको भरपाईमा नागरिकता नम्वर र जन्ममिति एकै भएका व्यक्तिहरुलाई सामाजिक सुरक्षा भत्ता वितरण गरेको छ । यसरी एकै नागरिकता नम्बर र जन्म मिति भएका व्यक्तिलाई दोहोरो भत्ता भुक्तानी भएको देखिँदा दोहोरो परेको रु.९६,०००। रकम असुल गरी बेरुजु खात १५१११ मा दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>वडा न</th><th>लाभग्राही</th><th>केफियत</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>4</td><td>राम माया प्रधान</td><td>नागरिकता नं राममाया र चिलानीको एकै रहेको</td><td>24000</td></tr>
<tr><td>4</td><td>चिलानी गणेश</td><td>नागरिकता नं राममाया र चिलानीको एकै रहेको</td><td>24000</td></tr>
<tr><td>5</td><td>तारादेवी गणेश</td><td>नागरिकता नं तारादेवी र शान्तिदेवीको एकै रहेको</td><td>12000</td></tr>
<tr><td>5</td><td>शान्तिदेवी गणेश</td><td>नागरिकता नं तारादेवी र शान्तिदेवीको एकै रहेको</td><td>12000</td></tr>
<tr><td>6</td><td>खुदी राजवंशी</td><td>नागरिकता नं एकै रहेको र दोहोरो भुक्तानी</td><td>24000</td></tr>
<tr><td>6</td><td>खुदी राजवंशी</td><td>नागरिकता नं एकै रहेको र दोहोरो भुक्तानी</td><td>24000</td></tr>
<tr><td>6</td><td>भाग्यमान तामांग</td><td>नागरिकता नं एकै रहेको र दोहोरो भुक्तानी</td><td>24000</td></tr>
<tr><td>6</td><td>भाग्यमान तामांग</td><td>नागरिकता नं एकै रहेको र दोहोरो भुक्तानी</td><td>24000</td></tr>
</table></td><td>96,000/-</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा नं.</th><th>गो .भौ. नं र विवरण</th><th>रकम</th><th>फछ्र्यौट</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>7</td><td>सुकवती राजवंशी</td><td>नागरिकता नं एकै रहेको र दोहोरो भुक्तानी</td><td>12000</td></tr>
<tr><td>7</td><td>सुकवती राजवंशी</td><td>नागरिकता नं एकै रहेको र दोहोरो भुक्तानी</td><td>12000</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>192000</td></tr>
</table>
</td><td></td><td></td></tr>
<tr><td>16.3.</td><td>सामाजिक सुरक्षा पाउने व्यक्तिको नामनामेसी, नागरिकता नं., परिचय पत्र नं., फोटो आदि विवरण अद्यावधिक राखि मूल अभिलेख खाता व्यवस्थित गरी सोहि प्रमाणका आधारमा सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्नेमा यस गाउँपालिका अर्न्तगतका वडाहरुमा सामाजिक सुरक्षा भत्ता वितरण गरेको ल्याप्चे लगाएको भर्पाई पेश गरी पेश्की फछ्र्यौट गरेकोमा नागरिकता एवं परिचयपत्र उल्लेख नगरी भत्ता वितरण गरेकोमा सो रकम सामाजिक सुरक्षा प्राप्त गर्न योग्य व्यक्तिहरुलाई नै वितरण गरेको हो भन्ने सम्बन्धमा विश्वस्त हुन सक्ने आधार देखिएन । तसर्थ देहाय बमोजिमका वडाका विभिन्न व्यक्तिहरुलाई नागरिकता नम्बर इन्ट्री बिना नै भुक्तानी गरेको रकमका सम्बन्धमा सम्बन्धितबाट नागरिकताको प्रतिलिपी लिई छानवीन गर्नुपर्ने रु.
<table>
<tr><th>वडा नं</th><th>नागरिकता र परिचय पत्र वेगर भुक्तानी दिएको संख्या</th><th>भुक्तानी भएको रकम</th></tr>
<tr><td>1</td><td>16</td><td>264000.00</td></tr>
<tr><td>2</td><td>4</td><td>372000.00</td></tr>
<tr><td>3</td><td>4</td><td>96000.00</td></tr>
<tr><td>4</td><td>4</td><td>60000.00</td></tr>
<tr><td>7</td><td>2</td><td>36000.00</td></tr>
<tr><td></td><td>30</td><td>828000</td></tr>
</table>
</td><td>8,28,000/-</td><td></td></tr>
<tr><td>17.</td><td>बिल भर्पाईः आर्थिक कार्याविधि नियमावली, २०६४ को नियम ३६(३) अनुसार खर्चको विल भरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ। देहाय बमोजिमका भौचर संलग्न कागजातमा रकम बुझेको भर्पाइ संलग्न नभएकोले उक्त रकम बुझेको भर्पाई पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.
<table>
<tr><th>गो भौ नं र मिति</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>55/074/9/16</td><td>5950</td><td>परमानन्द सिंह र हेमलाल गणेशको भर्पाइ नरहेको</td></tr>
<tr><td>65/074/10/25</td><td>9600</td><td>४ जनाको भपाई नभएको</td></tr>
<tr><td>125/074/12/28</td><td>1700</td><td>हेमराज पौडेलेको भपाई नभएको</td></tr>
<tr><td>257/075/3/22</td><td>5440</td><td>अन्जार आलमको भपाई नभएको</td></tr>
<tr><td>जम्मा</td><td>22690</td><td></td></tr>
</table>
</td><td>22,690/-</td><td></td></tr>
<tr><td>18.</td><td>दरबन्दी वेगरको खर्चःशिक्षा ऐन तथा नियमावली अनुसारस्वीकृत दरबन्दी बाहेकमा कर्मचारी भर्ना गर्न नमिल्ने र दरबन्दी बाहेकमा नियुक्ति गरेमा सो नियुक्ति गर्ने पदाधिकारीबाट असुल उपर गर्नुपर्ने व्यवस्था छ। देहाय बमोजिमका विद्यालयमा निजी श्रोतको शिक्षक राखी अनुदान स्वरुप रु.५,००,०००। निकासा गरेको छ । स्वीकृत दरबन्दी भन्दा बढि शिक्षक कर्मचारी नियुक्ती गर्नुको आधार पेश भएन । यस तर्फ सम्बन्धितलाई जिम्मेवार बनाइनुपर्दछ ।</td><td></td><td></td></tr>
</table>

दफा नं.	गो .भौ. नं र विवरण	रकम	फछ्र्यौट

गो भौ.नं. र मिति	विद्यालयको नाम	रकम
137/075/1/19	गणेश प्रा वि.	75000
131/075/1/5	शिव मावि	100000
203/075/3/19	सरस्वती, बसन्त र श्री प्रा.वि	82000
196/075/3/17	आमवाडी, शहिद, गंगालाल पशुपति र जनता	143000
246/075/3/32	लक्ष्मी मा.वि	100000
जम्मा		500000

18.1.	कार्यालयले खर्च शिर्षक परामर्शबाट प्रेस सल्लाहाकार ऋषि प्रसाद नेपाललाई रु.५०,०००। र कानूनी सल्लाहकार भिम बरललाई रु.१,००,०००। भुक्तानी गरेको छ । यस्तो खर्चमा मितव्ययीता अपनाउनुपर्दछ ।	1,50,000/-	
19.	**चालुबाट पूँजीगत खर्चः** एकीकृत आर्थिक संकेत तथा बर्गीकरण र व्याख्या, २०७४ मा पूँजीगत शीर्षकमा विनियोजित वजेटबाट चालुखर्च र चालु खर्चबाट पूजीगत खर्च गर्न नपाईने उल्लेख छ । चालु खर्चबाट देहाय बमोजिम पुजिगत प्रकृतिको ट्वाइलेट निमार्ण कार्य गरेकोले उक्त रकम नियमित हुनुपर्ने रु.	4,00,000/-	

भौ.न. र मिति	कामको विवरण	भुक्तानी रकम	कैफियत
चालु खर्चतर्फ			
165/2075/2/17	ट्वाइलेट निमार्ण	400000	पूँजीगत प्रकृतिको खर्च चालु खाताबाट भुक्तानी

20.	**पूजीगत तर्फ**:योजना कार्यन्वयनः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ अनुसार गाउँसभाबाट स्वीकृत गरेबमोजिमका योजना कार्यन्वयन गर्नुपर्ने उल्लेख छ । सो सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् ।		
20.1.	**वितरणमुखी कार्यक्रमः**स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा नं १२ (७) अनुसार लक्षीत समुहको मागको आधारमा लक्षीत समुहको पूजी निर्माण, सेवा प्रवाहमा गुणस्तरिय सुधार, क्षमता विकासको मापन गर्न सकिने ठोस कार्यक्रम र आयोजनामा मात्र रकम विनियोजन र खर्च गर्न सकिने व्यवस्था छ । कुनैपनि प्रकारका वितरणमूखि कार्यक्रम, सभा सम्मेलन वा गोष्ठिमा खर्च गर्न नपाइने व्यवस्था भएकोमा गाँउपालीकाले यस्तो कार्यक्रममा रकम विनियोजन गरेतापनी कति रकम विनियोजन भएको एवं कति रकम खर्च गरी कति प्रतिशत प्रगति हासिल गरेको अभिलेख राखेको पाइएन । केही उदाहरण निम्न छन्		

गो.भौ .नं	विवरण	वितरण गरेको रकम
20/074/6/26	बनियानी युवा क्लबलाई खेलकुद कार्यक्रम	35000.00
24/074/6/29	आदिवासी बिद्यार्थी कल्याण समिति SEE पास गरेका विद्यार्थिलाई सम्मान कार्यक्रम	30000.00
28/074/7/13	ताजपुरिया गनगाई समिती	30000.00
30/074/7/21	उज्यालो नेपाललाई साँस्कृतिक कार्यक्रम गर्न	30000.00

दफा नं.	गो .भौ. नं र विवरण	रकम	फछ्र्यौट
	38/074/8/4 सत्य साई क्षेत्रीय समिति स्वास्थ्य चेक अप 25000.00 39/074/8/6 सन्थाल गाउँपालिका अन्तर खेलकुद प्रतियोगिता 25000.00 171/074/12/8 अष्टजाम, कालीपूजा 40000.00 139/075/1/19 सिरुवा पर्वको लागि आदिवासी विकास समिति 150000.00 135/075/1/10 घाटोसरी कार्यक्रम 30000.00 160/075/12/25 पर्यटन प्रर्बद्धन सम्बन्धि संभाव्यता अध्ययन 25400.00 169/075/2/17 घाटोसरी कार्यक्रम 30000.00 203/2075/3/24 जलसा कार्यक्रम 30000.00 238/075/3/27 लक्ष्मी क्याम्पसमा Bachelor अध्ययन गर्ने विद्यार्थिलाई छात्रबृत्ति वितरण 397500.00		
20.2.	**भौ.न ५३ मिति २०७४।१२।२७**बाट सडक कल्भर्ट उपभोक्ता समितिबाट सम्पन्न भएकोमा रु २४५००००।०० भुक्तानी गरेकोमा प्राविधिक प्रतिवेदन बमोजिम माटो खन्ने काम,ह्यूमपाइप जडान गर्ने कार्य समेत सडकको स्तरोन्तीको कार्य भएकोमा उपभोक्ता समितिबाट विलभरपाई पेश हुँदा नविन निर्माण सेवा विर्तामोड ५, पान नम्बर ३०२४०९७०५ को कम्प्यूटरबाट छाप विना छापको विल बमोजिम टिप्पर १५० टिपको रु ३०००००००।०० र जे.सि.वि ४०० घण्टाको रु ८८००००।०० को विल पेश भएकोले उक्त कार्यमा उपभोक्ता समितिको श्रमदान भएको स्थानीय श्रम र सीप प्रयोग भएको सुनिश्चितता देखिएन । साथै प्राविधिक मूल्यांकन प्रतिवेदन कार्यालय प्रमुखबाट प्रमाणित गराई अद्यावधिक गर्नुपर्दछ ।		
20.3.	**फरक कार्य :** सोमबारे बजारको टावर देखि कुटी बजारसम्म सडक स्तरोन्नति भेलामूनि पुल सहितको कार्य गर्नको लागि गाउँसभाबाट रु.१,००,००,०००। विनियोजन भएकोमा सडक स्तरोन्नति कार्य नगरी भेलामुनि पुल निमार्ण मात्र गर्ने गरी कार्यन्वयन भएको, त्यस्तै बडोझोडा राजमार्ग देखि दक्षिण प्रेम भट्टा बर्मेली टोल हुँदै कचनकवल स्तम्भसम्म सडक स्तरोन्नति चोरोवाडी खोला पुल समेतको लागि रु.७५,००,०००। विनियोजन भएकोमा चोरीवादी खोलापुल निमार्णको लागि मात्र रु.१,००,१७,२६४। को लागत अनुमान स्वीकृत भएको छ । यसप्रकार गाउँसभाबाट स्वीकृत भन्दा फरक किसिमले योजना कार्यन्वयन गर्दा गाउँसभाबाट स्वीकृत लिनुपर्ने एवं विनियोजित बजेट भन्दा बढिको लागत अनुमान स्वीकृत गर्दा समेत सोको स्वीकृति र समर्थन गाउँ सभाबाट गराउनुपर्ने देखिएको छ ।		
20.4.	**बोलपत्र म्याद :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा १४(४) अनुसार राष्ट्रिय स्तरको बोलपत्रमा कम्तीमा ३० दिनको अवधि दिनुपर्ने व्यवस्था छ । चोरोवारी खोला पुल कचनकवल ७ को निमार्ण कार्यको लागत अनुमान रु.१,००,१७,२६४। रहेकोमा २०७५।२।१४ मा सूचना प्रकाशन गरी १५ दिनको म्याद दिई खरिद व्यवस्थापन गरेको पाइयो । २०७४।१२।१४ मा ड्रेन र ग्राभेलको कामको लागि सूचना प्रकाशन भएकोमा सो रद्ध गरी कार्य परिवर्तन गरी पुल निमार्णको सूचना प्रकाशन गर्दा दफा १४ क (४) प्रयोग गरी पारेको पाइयो । छुट्टै कामको लागि सूचना प्रकाशन गर्दा फरक कामको सन्दर्भमा प्रकाशित सूचनालाई आधार मानी पुनः प्रकाशन सरह व्याख्या गरी कार्यन्वयन गर्नु उपयुक्त देखिएन ।		
20.5.	**खरिद कार्यमा प्रतिस्पर्धा**: सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६२ (२) च मा बोलपत्र दाताहरुबीच खरिद सम्बन्धि काम बाँडफाँड		

दफा नं.	गो .भौ. नं र विवरण	रकम	फछ्र्यौट
	गर्ने वा बोलपत्रको मूल्य अप्रतिस्पर्धी तरिकाले कायम गर्न नहुने उल्लेख छ । त्यस्तै ऐनको दफा २६(६) मा मिलेमतो गरी बोलपत्र दाखिला गरेको प्रमाणित भएमा त्यस्ता बोलपत्रहरु रद्ध हुने उल्लेख छ । देहायका २ ठेक्कामा प्रतिस्पर्धाको स्थिति निम्नानुसार देखिएको छ । कामको विवरण | दाखिला बोलपत्र संख्या | प्रभावग्राही बोलपत्र संख्या | लागत अनुमान | स्वीकृत अंक | घटी प्रतिशत बनियानी सिंगीमाटी सडक कालोपत्रे | 3 | 2 | 8852979 | 8687600 | 1.86 भेलामूनि पुल निमार्ण | 3 | 1 | 8864835 | 8702396 | 1.8 उपरोक्त दुवै ठेक्कामा बोलपत्र दाखिला गर्ने निमार्ण व्यवसायी दीक्षा कन्स्ट्रक्सन एण्ड विल्डर्स, जुनतारा कन्स्ट्रक्सन एण्ड इन्जिनियरिंग बिल्डर्स र इभरग्रिन कन्स्ट्रक्सन नै रहेको र बनियानी सिगिमाटी सडकको बोलपत्रमा दीक्षा कन्स्ट्रक्सनले धरौटी वेगर बोलपत्र दाखिला गरेको, त्यस्तै भेलामुनि पुल निमार्णको कार्यको बोलपत्रमा दीक्षा कन्स्ट्रक्सन र जुनतारा कन्स्ट्रक्सन एण्ड ई. बिल्डर्सले धरौटी वेगर दाखिला गरेकोले एकमात्र प्रभावग्राही भएको अवस्था र लागत अनुमान कै हाराहारीमा बोलपत्र स्वीकृत भएको अवस्थाले उल्लेखित दफा ६२ (२) च अनुरुप भएको देखिएन ।		
20.6.	**लागत अनुमानः**सार्वजनिक खरिद नियमावली, २०६४ को नियमा ११ मा सार्वजनिक निकायले मालसामनको लागत अनुमान तयार गर्दा नियम ९ र सम्बन्धित मालसामानको स्पेशिफिकेशनको अधिनमा रही चालु वा अघिल्ला बर्षमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत, स्थानीय बजारमा प्रचलित दरभाउ उद्योग, बाणिज्य संघले जारी गरेको, दररेट जस्ता बिषयलाई ध्यान दिई तयार गर्नुपर्नेमा गाउँपालिकाले यस बर्ष निम्नानुसारको गाडी तथा ट्याक्टर खरिद गर्दा लागत अनुमान तयार गरेको पाइएन । त्यस्तै गाडी प्राप्तिको बखत प्राविधिकबाट तोकिएको स्पेशिफिकेशन अनुरुप गुणस्तर भए नभएको सिफारिश संलग्न हुनुपर्नेमा सो भएको देखिएन । मालसामानको विवरण | बोलपत्र दरभाउ संख्या | लागत अनुमान | खरिद मुल्य स्कोरपियो एस फाइभ फोर डब्ल | 1 | नभएको | 5149591 टयाक्टर | 3 | नभएको | 1230570		
20.7.	स्कोरपियो एस फाइभ गाडी सम्बन्धमाः कार्यालय र आपूर्तिकर्ता बीच २०७५।१।१०मा भएको सम्झौतामा आपूर्तिकर्ताले मालसामान र सम्बद्धसेवाहरु मूल्य अभिबृद्धिकर सहित रु.४९,५०,०००। मा आपूर्ति गर्ने उल्लेख भएकोमा गाउँपालिकाबाट सम्बद्ध सेवाहरु बापत थप रु.१,९९,५९१। आपूर्तिकर्तालाई भुक्तानी गरेको देखिएकोले सो रकम असुल हुनुपर्ने रु.	1,99,591/-	
21.	**निमार्ण कार्यको व्यवस्थापनः**		
21.1.	**पेश्कीः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२ क मा २० प्रतिशत सम्म नबढने गरी पेश्की दिन सकिने उपदफा २ मा पेश्की दिँदा पहिलो पटकमा स्वीकृत पेश्की रकमको आधारमा नबढने गरी र बाँकी रकम कार्य प्रगतिका आधारमा दिन सकिने दफा ५२ क(३) मा पेश्की रकम सम्झौता भएको कार्यको लागि खोलिएको बैंक खाता मार्फत मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था भएकोमा बनियानी सिंगीमाढी सडक कालोपत्रे सडकका निमार्ण व्यवसायी जुनतारा कन्स्ट्रक्सनलाई सम्झौता रकम रु.८६,८७,६००। को २० प्रतिशतले हुने रु.१७,००,०००। पेश्की दिएकोले रु.८,५०,०००। बढि पेश्की दिएको पाइयो । साथै उक्त पेश्की दफा ५२ क(३) अनुसारको खातामा जम्मा भएको प्रमाण पेश नभएको रु.	8,50,000/-	

<table>
<tr><th>दफा नं.</th><th>गो .भौ. नं र विवरण</th><th>रकम</th><th>फछ्र्यौट</th></tr>
<tr><td>21.2.</td><td>बिमाः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा दश लाख रुपैया भन्दा बढि मूल्यको निमार्ण कार्य गर्ने निमार्ण व्यवसायीले ठेक्काको बिमा गराउनुपर्ने व्यवस्था छ । नियमानुसार बिमा गरेको प्रमाण पेश भएपछि मात्र निमार्ण कार्य संचालन गराउनुपर्दछ ।</td><td></td><td></td></tr>
<tr><td>21.3.</td><td>ठेक्का लागतः गाउँपालिकाले आफूले निमार्ण तथा ममर्त संभार गरेका संरचना, निमार्ण कार्यको अभिलेख व्यवस्थित गरी राख्नुपर्नेमा राखेको पाइएन ।</td><td></td><td></td></tr>
<tr><td>21.4.</td><td>कार्यतालिका र गुणस्तर नियन्त्रणः सार्वजनिक खरिद ऐन, २०६३ ऐन, तथा नियमावली बमोजिम एवं खरिद सम्झौताहरुमा निमार्ण कार्यको जिम्मा लिने पक्षले निमार्ण कार्यको कार्यतालिका पेश गर्नुपर्ने एवं गुणस्तर नियन्त्रणका लागि तोकिएको फ्रिक्वेन्सी अनुसारको परीक्षण गराई राख्नुपर्ने व्यवस्था छ । सो सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् ।
(क) उपभोक्ता समितिबाट संचालित योजनाहरुको कुनै पनि योजनामा योजना कार्यन्वयनको कार्यतालिका एवं गुणस्तर नियन्त्रण प्रणाली स्थापित गरेको देखिएन ।
.(ख) बनियानी सिंगीमाटी सडक कालोपत्रे एवं भेलामूनि पूल निमार्ण कार्य निमार्ण व्यवसायीको सम्झौताको बिशेष शर्त एवं सामान्य शर्त २६.१ मा ठेक्का स्वीकृत गरेको ७ दिन भित्र कार्य तालिका पेश गर्नुपर्ने कार्य तालिका पेश नभएमा रु.५०,०००। रोक्का राख्नुपर्ने व्यवस्था छ । निमार्ण व्यवसायीले कार्य तालिका पेश नगरेकोमा सो बापत रोक्का राखेको नदेखिएको रु.
(ग) बनियानी सडक निमार्ण कै निमार्ण व्यवसायीको सम्झौता एवं कार्य विवरणको आइटम नं.२ मा गुणस्तर परीक्षण बापत रु.८०,०००। व्यवस्था समेत गरिएको छ । तथापि दोश्रो रनिंग बिलसम्म रु.४९,३६,८४०। को कार्य सम्पन्न हुँदा समेत गुणस्तर परीक्षण गराएको पाईएन ।</td><td>50,000/-</td><td></td></tr>
<tr><td>22.</td><td>परामर्श सेवाः गाउँपालिकाले यस आर्थिक बर्षमा निम्नानुसारको कार्यको लागि परामर्श लिई कार्य गरेको पाइयो ।
<table>
<tr><th>सि.नं</th><th>कामको विवरण</th><th>परामर्शदाता</th><th>सम्झौता रकम</th><th>यस बर्ष खर्च रकम</th></tr>
<tr><td>1</td><td>पार्श्वचित्र निमार्ण । तयारी</td><td>नेशनल फयुचर फाउन्डेशन प्रा.लि . बिर्तामोड</td><td>1859036</td><td>1000000</td></tr>
<tr><td>2</td><td>पर्यटन गुरुयोजना</td><td>मल्टी फेरियस कन्सल्टेन्सी एण्ड रिसर्च सेन्टर</td><td>400000</td><td>399173</td></tr>
<tr><td>3</td><td>डकुमेन्ट र सार्वजनिक सुनुवाई</td><td>उनामा नोटिस एण्ड एडर्भटाइजिंग</td><td>350000</td><td>395500</td></tr>
<tr><td>4</td><td>वृत्तचित्र निमार्ण</td><td>इस्मा भिडीयो एजेन्सी</td><td>345780</td><td>345780</td></tr>
<tr><td colspan="2">जम्मा</td><td></td><td>2954816</td><td>2140453</td></tr>
</table>
उपरोक्त परामर्श सेवा सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् ।</td><td></td><td></td></tr>
<tr><td>22.1.</td><td>सार्वजनिक खरिद ऐन, २०६३ को दफा १२ मा सार्वजनिक निकायाले परामर्श सेवाको लागत अनुमान तयार गर्दा नियम ९ को अधिनमा रही तयार गर्नुपर्ने, सम्बन्धित मन्त्रालयले तयार गरेको नर्म्स, परामर्श सेवाको कार्य क्षेत्रगत शर्त, चालू वा अघिल्लो बर्षमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत लगायत विभिन्न पक्षलाई आधार लिई ऐनको अनुसूची १ को ढाँचामा लागत अनुमान तयार गर्नुपर्नेमा गाउँपालिकाले परामर्श सेवा लिँदा लागत अनुमान तयार गरेको देखिएन ।</td><td></td><td></td></tr>
<tr><td>22.2.</td><td>परामर्श सेवाबाट प्राप्त गुरु योजना डकुमेन्ट्री, पार्श्वचित्र एवं वृत्तचित्र लगायतको प्रतिवेदन, सिडी, हार्डकपी आदि जिन्सी दाखिला गरी</td><td></td><td></td></tr>
</table>

दफा नं.	गो .भौ. नं र विवरण	रकम	फछ्र्यौट
	अभिलेख व्यवस्थित गर्नुपर्नेमा नगरेको वृत्तचित्र, डकुमेन्ट्री प्रशारण अभिलेख नरहेको प्राप्त सेवाको उपयोग गरी गाउँपालिकाले आफ्नो योजना तर्जुमा नीति निमाण र राजश्वको दायरा विस्तारमा उपयोग गर्नुपर्नेमा सो अनुरुप प्राप्त सेवाको उपयोग गरेको देखिएन ।		
22.3.	पार्श्वचित्र (profile) निमार्ण गरी प्रतिवेदन प्रस्तुति (Report presentation) गर्ने गरी सूचना प्रकाशन गरेकोमा सो भएको प्रमाण संलग्न नरहेको एवं प्राप्त पार्श्वचित्रका उद्योग सम्बन्धि लगायतका विवरणहरु थप अद्यावधिक गर्नुपर्ने देखिएको र पार्श्वचित्र समय अनुसार अपडेट गर्नुपर्ने कार्यमा परामर्शदाताले सहयोगी भूमिका निर्वाह गर्ने प्रतिबद्धता समेत जनाएको अवस्था छ । तसर्थ पदाधिकारी एवं कर्मचारीहरु बीच उक्त पार्श्वचित्र प्रस्तुति गरी सुधार गर्नुपर्ने बिषयहरुमा परामर्शदाता कै खर्चमा परिमार्जन गरी अद्यावधिक गर्नुपर्दछ ।		
22.4.	डकुमेन्ट्री र सार्वजनिक सुनुवाईको लागि २०७४।१२।०८को सम्झौताअनुसार रु.३,५०,०००। मात्र भुक्तानी गर्नुपर्नेमा रु.३,९५,५००। भुक्तानी भएकोले बढि भुक्तानी रु.४५,५००। असुल गर्नुपर्ने रु.	45,500/-	
23.	**उपभोक्ता समितिमार्फत कार्यः** यस सम्वन्धमा देखिएका व्यहोरा यसप्रकार रहेका छन् ।		
23.1.	सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउने व्यवस्था छ । उपभोक्ता समितिले पेश गरेको प्रस्ताव वा निवेदन प्राप्त भएपछि सम्बन्धित सार्वजनिक निकाय र त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदायले आवश्यकतानुसार छलफल, वार्ता वा निर्माण स्थलको भ्रमण गरी त्यस्तो काम वा सेवाका सम्बन्धमा खरिद सम्झौता गर्नु पर्ने र त्यस्तो सम्झौतामा साठी लाख रुपैयाँभन्दा बढी लागत अनुमान भएको कार्यमा प्रत्येक कार्य इकाईमा उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नु पर्ने योगदान उल्लेख गर्नुपर्नेमा सो अनुसार गरेको देखिएन ।		
23.2.	स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी ,दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परिक्षण अर्न्तगत सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने, सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(७) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले आफूले प्रत्येक किस्ताको गरेको खर्चको सूचना सार्वजनिक टाँस गर्नुपर्ने र आफूले गरेका कामकारबाहीको सम्बन्धमा सार्वजनिक खरिद अनुगमन कार्यालयले तोकेको प्रक्रिया बमोजिम तोकेको अवधिभित्र सामाजिक लेखापरिक्षण गर्नुपर्ने व्यवस्था रहेकोमा सो अनुसार भए गरेको देखिएन ।		
23.3.	सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था रहेकोमा सो अनुसार गरेको देखिएन ।		
23.4.	सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(११) उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरिसकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरिएको श्रम, नगद वा जिन्सी समेट कूल खर्चको विवरण सो निकायमा पेश गर्नु पर्ने, सम्बन्धित सार्वजनिक		

<table>
<tr><th>दफा नं.</th><th>गो .भौ. नं र विवरण</th><th>रकम</th><th>फछ्र्यौट</th></tr>
<tr><td></td><td>निकायले त्यसरी प्राप्त भएको विवरण तथा उक्त निर्माण कार्यको सर्भे, डिजाइन, लागत अनुमान, सुपरिवेक्षण र कार्यसम्पादन गर्ने व्यक्ति तथा पदाधिकारीको नाम र पद समेत खुल्ने गरी कार्य सम्पन्न प्रतिवेदन तयार गरी अभिलेख राख्नु पर्ने व्यवस्था रहेकोमा सो अनुसार गरेको देखिएन ।</td><td></td><td></td></tr>
<tr><td>23.5.</td><td>उपभोक्ता समितीबाट पुल निमार्ण, जस्ता जटिल प्रकृति र हेभी मेशिन प्रयोग गर्नुपर्ने खालका कार्य समेत भएको उक्त निमार्ण कार्यको गुणस्तर परीक्षण गरेको प्रमाण फाइलमा संलग्न नभएकोले गुणस्तर सम्बन्धमा विश्वस्त हुन नसकिएको, अनुगमनको व्यवस्था गरेतापनि अनुगमन फारममा सबै पदाधिकारीले हस्ताक्षर नगरेको स्थिति देखिएको छ । तसर्थ नियम ९७(९) को हेभी मेशिनहरु प्रयोग गर्न नसकिने व्यवस्थालाई समेत ध्यान दिई कार्य गराउनुपर्ने एवं निमार्ण कार्य गुणस्तरीय रुपमा सम्पन्न भएको छ भनी विश्वस्त हुन गुणस्तर परीक्षणका परीक्षणका प्रमाणहरु संलग्न गर्नुपर्ने देखिएको छ । त्यस्तै निमार्ण ममर्त /संभार पूर्व र सम्पन्न पश्चात्का फोटोहरु समेत पेश गरी निमार्ण एवं ममर्त सम्भार कार्यलाई थप व्यवस्थित गर्नुपर्ने देखिएको छ ।</td><td></td><td></td></tr>
<tr><td>23.6.</td><td>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(११) उपभोक्ता समितिबाट निमार्ण कार्य वा सो सम्बन्धि सेवा उपभोक्ता समितिबाट लिन सकिने व्यवस्था भएकोमा उपभोक्ता समितिसँग सम्झौता गरी गरी देहायका मालसामान खरिद गरेको देखियो । यसरी खरिद गरेको मालसामान उपभोक्ता समितीले स्पेशिफिकेशन, गुणस्तर, लागत अनुमान नै नबनाई खरिद भएकोले गुणस्तरीय वस्तुमा सेवा आपूर्ति भएको सुनिश्चित गर्न सकिने अवस्था देखिएन । साथै जडान र वितरण गरेको अवस्था पनि यकिन गर्न सकिएन । ऐनको परिपालना नभएकोले अनियमित देखिएको रु.
<table>
<tr><th>भौ.न. र मिति</th><th>कामको विवरण</th><th>सम्झौता रकम</th></tr>
<tr><td>648/075/3/2</td><td>ट्यबेल खरिद</td><td>971800.00</td></tr>
<tr><td>452/075/3/1</td><td>स्वास्थ्य चौकीको औषधि खरिद, ल्याब व्यवस्थापन</td><td>900000.00</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>1871800</td></tr>
</table></td><td>18,71,800/-</td><td></td></tr>
<tr><td>23.7.</td><td>भौ.नं.४४,०७५।३।१९ वृक्षारोपण कार्यक्रमको लागि मेनुका पौडेलकोको नाममा उपभोक्ता समिति गठन गरी रु.१,००,०००। खर्च लेखेकोमा अघोरी, पाउनेयिा, लिजी जातका ३०० बिरुवा प्रति विरुवा रु.१००। का दरले रु.३०,०००। मा खरिद गरेको बिल संलग्न गरेको छ । खाजा, खाना, नास्ता, तालिम, खेलकुद र साउण्ड सिस्टम खरिद गरको भनी बाँकी खर्च जनाएको छ । बृक्षारोपण कार्यको लागि प्राप्त रकमबाट अन्य खर्च रु.७०,०००। गरेको देखिएकाले अनियमित रु.</td><td>70,000/-</td><td></td></tr>
<tr><td>24.</td><td>कन्टिन्जेन्सी खर्चः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७)मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढाँचा अनुसूची१ को व्यवस्था रहेको छ । उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट ,स्टाफ खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत गरी ५ प्रतिशत थप गर्ने व्यवस्था रहेको छ । सो अनुरुप निर्माण कार्यको लागत अनुमानको ५ प्रतिशतसम्म कन्टिन्जेन्सी खर्च गर्न सकिने व्यवस्था गरी कन्टिन्जेन्सी खर्च हुदै आएको छ । यो वर्ष कार्यालयले रु.४,५०,५५२। कन्टिन्जेन्सी खर्च लेखेकोमा कुन कुन निर्माण कार्यको लागि के कति कन्टिन्जेन्सी व्यवस्था गरेको र सो मध्ये के कति खर्च भएको छ</td><td></td><td></td></tr>
</table>

<table>
<tr><th>दफा नं.</th><th>गो .भौ. नं र विवरण</th><th>रकम</th><th>फछ्र्यौट</th></tr>
<tr><td></td><td>कन्टिन्जेन्सी व्यवस्था र खर्चको अभिलेख नराखेकोले कन्टिन्जेन्सी खर्च सम्वन्धमा एकिन गर्न सकिएन ।</td><td></td><td></td></tr>
<tr><td>25.</td><td>स्वास्थ्य तर्फः</td><td></td><td></td></tr>
<tr><td>25.1.</td><td>बढि ग्रेड भुक्तानीः तलबी प्रतिवेदन पारित गरी सो बमोजिम तलब तथा ग्रेड भुक्तानी गर्नुपर्नेमास्वास्थ्य तर्फका देहाय बमोजिमका कर्मचारीहरुलाई पारित तलबी प्रतिवेदन भन्दा बढिका दरले ग्रेड भुक्तानी भएकोमा सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>कर्मचारीो नाम</th><th>कार्यरत स्वास्थ्य संस्था</th><th>बढि गेड भुक्तानी</th><th>कैफियत</th></tr>
<tr><td>अनमी गोदावरी गणेश</td><td>घेरावारी</td><td>4698</td><td>६ महिनाको बढि ग्रेड भुक्तानी</td></tr>
<tr><td>अहेव बिष्णुप्रसाद सिंह राजवंशी</td><td></td><td>7390</td><td>१० महिनाको बढि ग्रेड भुक्तानी</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>12088</td><td></td></tr>
</table></td><td>12,088/-</td><td></td></tr>
<tr><td>25.2.</td><td>न्यानो झोला-नेपालमा नवजात शिशुको मृत्युको प्रमुख कारण मध्ये संक्रमण र सिताङ्ग भएकोले सो रोकथामका लागि आ.व. ०७०।७१ देखि स्वास्थ्य संस्थामा प्रसुती गराउन आउने महिलालाई न्यानो झोला प्रदान गर्ने व्यवस्था निर्देशिकाले गरेको छ । स्वास्थ्य संस्थाले परिवार स्वास्थ्य महाशाखाले तोकेको स्पेसिफिकेशन अनुसारको न्यानो झोला स्थानीय स्तरमा उत्पादन वा न्यानो झोला उत्पादक/ वितरकवाट नेपाल सरकारको ऐन नियम अनुसार खरिद गरी सुत्केरी भए पश्चात तुरुन्त नवजात शिशु तथा आमालाई न्यानो लुगा लगाउने व्यवस्था मिलाउनु पर्ने व्यवस्था निर्देशिकामा रहेको छ । गाउपालीका अर्न्तगत ३ वटा स्वास्थ्य संस्थाबाट सुरक्षीत मातृत्व सेवा संचालन भएको छ । यस बर्ष रु.७९८।का दरले ३२५ सेट न्यानो झोला रु.२,५७,४००। मा खरिद गरेको छ । तर उक्त ३ स्वास्थ्य संस्थाबाट ९० जनालाई मात्र प्रसुति सेवा प्रदान गरेको देखिन्छ । विगत बर्षमा समेत मौज्दात हुँदा हुँदै यस बर्ष पनि आवश्यक्ता भन्दा बढि मात्रामा न्यानो झोला खरिद गरेको देखिन्छ । खर्च गर्दा आवश्यकतामा आधारित रही मितव्ययी तवरले खर्च गर्नुपर्दछ ।</td><td></td><td></td></tr>
<tr><td>25.3.</td><td>पथरिया स्वास्थ्य चौकीका अहेव श्री विजय कुमार झाको आयकर ऐन, २०५८ को अनुसूची १ बमोजिमको पारिश्रमिक कर बापत लाग्ने छुट भएको कर रु.२८०५। असुल गर्नुपर्ने रु.</td><td>2805/-</td><td></td></tr>
<tr><td>26.</td><td>प्रदेश सरकार तर्फः</td><td></td><td></td></tr>
<tr><td>26.1.</td><td>भौ.नं १ मिति २०७५।९।२० राम जानकी मार्ग टैंकी उत्तरबाट तारावन जोड्ने सडकमा उपभोक्ता समिति मार्फत रु.१३,००,०००। भुक्तानी भएकोमा excavation of roadway and drain both sides भनी लगत इष्टिमेट एव. measurement sheet मा (२०७०.६८*९४.७०४) रु.१,९६,०४३। उल्लेख गरी उपभोक्ता समितिलाई भुक्तानी भएको छ । तर भौचर संलग्न निमार्ण पश्चात्को उक्त बाटोमा निरीक्षण गर्दा केही भागमा माटो फिलिंगको लागि दुवै तर्फ खनिएको भएतापनि drain बनाएको स्पष्ट नदेखिएको र नाली निमार्णको उद्देश्य पुरा हुने गरी पानी निकाशको व्यवस्था नभएकोले सो कार्य तोकिएको परिमाण र गुणस्तरमा भएको भनी एकिन गर्न सक्ने अवस्था नदेखिएको रु.</td><td>1,96,043/-</td><td></td></tr>
<tr><td>26.2.</td><td>प्रदेश सरकारबाट निकासा भएको रु.३७,७५,००० मध्ये खर्च भई वाँकि रहेको रु.२,००,०००। रकम प्रदेश सरकारको सञ्चित कोषमा दाखिला हुनुपर्ने रु</td><td>2,00,000/-</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा नं.</th><th>गो .भौ. नं र विवरण</th><th>रकम</th><th>फछ्र्यौट</th></tr>
<tr><td>26.3.</td><td>११,२०७५।३।३२: प्रदेश न ं१ आर्थिक मामिला तथा योजना मन्त्रालयको मिति २०७५।२।२८, च.नं.१४२२ को पत्रानुसार बसन्त बाँनियाको घर छेउ कल्भर्ट निमार्ण भनी रु.३,००,०००। निकासा भएकोमा सो कार्य ०७४।७५ भित्र सम्पन्न गरिसक्नुपर्ने उल्लेख छ । तर बर्षान्तमा पेश्की दिएको देखिन्छ । यसरी अख्तियारीमा उल्लेखित प्रावधान विपरीत पेश्की दिएको नियमसम्मत देखिँदैन ।</td><td></td><td></td></tr>
<tr><td>27.</td><td>सिमा क्षेत्र विकास कार्यक्रम पूजीगत तर्फः</td><td></td><td></td></tr>
<tr><td>27.1.</td><td>उपभोक्ता समिति मार्फत ट्रान्सफरमर खरिद : गो भा न १, २०७५।१।२५ट्रान्सर्फमर खरिद गर्न रु १२,००,००। विनियोजन भएकोमा कचनकवल वडा नं २ को लागि १०० के भी को ट्रान्सर्फमरको अम्बिका अधिकारीको अध्यक्षतामा उपभोक्ता समिति गठन गरी Eastern transformer industries बाट रु.६,०५,६८०। (मू.अ.कर समेत) मा खरिद गरेको छ । ट्रान्सफरमर खरिदको ल.ई.१०,०५,११२। तयार गरेकोमा measurement sheet मा रु.६,६७,३७८। रहेको छ । जसमा खरिद कमिटीको निर्णय विना तथा स्टिमेटको टिप्पणी स्विकृति नगराई उपभोक्ता समिती मार्फत ट्रान्सर्फमर खरिद गरेको देखिन्छ । । खरिद पश्चात प्राविधिक मुल्याङकन भएको छैन । नेपाल विद्युत प्राधिकरण सँग कुनै पनि सहकार्य नगरी उपभोक्ता समितिको योगदान नरहने यस्ता कार्य उपभोक्ता समिति मार्फत सोझै ट्रान्सर्फमर खरिद गरेको कार्य उपयुक्त देखिएन । सोको नेपाल विद्युत प्राधिकरणबाट जाँच परीक्षण पास भएको प्रतिवेदन पेश गर्नुपर्ने रु.</td><td>6,05,680/-</td><td></td></tr>
<tr><td>27.2.</td><td>भौ.नं ८, मिति, २०७५।३।५ मा कचनकवल १ पिण्डालवारीमा विद्युतीकरण गर्न बजारुलाल राजवंशीको नाममा उपभोक्ता समिती गठन गरेकोमा रु.४,८४,८००। भुक्तानी भएको छ । भौचर संलग्न mesasurement sheet देहाय अनुसार छ ।
<table>
<tr><td>Activities</td><td>no</td><td>quantity</td><td>rate</td><td>amount</td></tr>
<tr><td>8 m psc pole</td><td>44</td><td>44</td><td>7345</td><td>323180</td></tr>
<tr><td>Erection of 8m psc pole</td><td>44</td><td>44</td><td>3353.8</td><td>147565</td></tr>
<tr><td>transportation of 8m psc pole</td><td>44</td><td>44</td><td>1422.5</td><td>62590</td></tr>
<tr><td>Total</td><td></td><td></td><td></td><td>533335</td></tr>
<tr><td>user contribution</td><td></td><td></td><td></td><td>48852</td></tr>
<tr><td>payable amount</td><td></td><td></td><td></td><td>484483</td></tr>
</table>
भौचर संलग्न भपाईमा ४४ पोलको ढुवानी तथा गाड्ने कार्य गर्नको लागि कचनकवल गाउँपालिका वडा नं.७ बस्ने नवीन घिमिरेलाई रु.१,४७,५००। भुक्तानी गरेको भर्पाई पेश गरेको छ । ठाकुर ब्रदर्श निमार्ण सेवा (६०७१९६६६३) हल्दिबारी३ जलथल ,झापाबाट प्रतिगोटा रु.६५००। मा पोल खरिद गरेको बिल पेश गरेको छ । नवीन घिमिरेलाई ढुवानी तथा गडान बापत रु.१,४७,५००। भुक्तानी गरेको भपाई पेश गरेपश्चात् measurement sheet मा पुनः transportation of 8m psc poleभनी रु.६२,५९०। खर्च दावी गरी भुक्तानी लिएको रकम रु.६२,५९०। असुल गर्नुपर्ने रु.</td><td>62,950/-</td><td></td></tr>
<tr><td>28.</td><td>सीमा क्षेत्र चालू :भौ.न ११ सिलाई बुनाई र ईलेक्ट्रिफिकेशनको तालिम कार्यक्रम सञ्चालन वापत योजना अधिकृत केशव प्रसाद मैनालीको पेश्की फछ्र्यौट समेत रु १८००००००० खर्च भएकोमा देखिएका व्यहोरा निम्न छन् :</td><td></td><td></td></tr>
</table>

दफा नं.	गो .भौ. नं र विवरण	रकम	फछ्र्यौट
28.1.	बैशाख देखि असार सम्म विभिन्न मितिमा ६ वटा कार्यक्रम संचालन गरे वापत योजना अधिकृत केशव मैनालीलाई प्रति दिन रु.१०००। का दरले कार्यक्रमको संयोजक भत्ता रु.१,८०,०००। भुक्तानी दिएको छ । प्रतिदिन रु १०००.०० को दरले ३ महिनामा ९००००.०० हुनेमा रु १८००००.०० खर्च लेखेकोमा सोको आधार पेश हुन आएन । तसर्थ बढि भुक्तानी भएको रु. ९०,०००। मा १५ प्रतिशतले कट्टी गरेको रु. १३,५००। अग्रिम कर घटाउँदा बाँकी हुने रु.७६,५००। असुल गर्नुपर्ने देखिएको रु	76,500/-	
29.	**शिक्षा तर्फ**		
29.1.	लक्ष्मी मा.वि.मा कार्यरत प्राथमिक शिक्षक तारा प्रसाद रेग्मीको पारित तलबी प्रतिवेदन भन्दा १ ग्रेड बढि भुक्तानी गरेकोमा यस बर्षको बढि ग्रेड भुक्तानी रु.१०,१७९। असुल हुनुपर्ने रु.	10,179/-	
29.2.	लक्ष्मी मा.वि.का शिक्षक पद्म प्रसाद भट्राईको ०७४।१०।९ मा अनिवार्य अवकाश भएकोमा दोश्रो किस्ता बापत पुरै निकासा भएको देखिँदा बढि निकासा भएको ५१ दिनको रु.५१,८४१। असुल हुनुपर्ने रु.	51,841/-	
29.3.	लक्ष्मी प्रसाद देवकोटा मा.वि.को दोश्रो किस्ता बापत आधारभूत तह तर्फको शिक्षक तलब रु.१२,०६,२८९। निकासा भएकोमा तेश्रो किस्तामा आधारभूत तह तर्फ रु.१३,१२,४६४। निकासा भएको देखिन्छ । उक्त विद्यालयका आधारभुत तहका शिक्षक सुरज कुमार भट्राई २०७४।९।२ मा अनिवार्य अवकाश भएको देखिन्छ । दोश्रो किस्तामा १२ जना शिक्षक रहेकोमा तेश्रो किस्ता निकासा हुँदा ११ जना मात्र शिक्षक रहेको देखिन्छ । भौचर संलग्न माग फारम अनुसार जोडजम्मा रु.११,७९,३२४। रहेको देखिन्छ । जोडजम्मा फरक गरी बढि निकासा लिएको रु.१,३३,१४०। असुल हुनुपर्ने रु.	1,33,140/-	
30.	**सेवा करार** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४(१) मा कार्यालय सुरक्षा, चिट्ठीपत्र ओसार पसार, सरसफाई, टेलिफोन, विद्युत र धारा सञ्चालन र रेखदेख लगायतका सार्वजनिक निकायको दैनिक कार्य सञ्चालन गर्न अत्यावश्यक पर्ने सेवा करार लिनुपर्दा कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीसंग करार गरी त्यस्तो सेवा करारमा लिन सक्ने व्यवस्था छ । त्यस्तै नियम ३ मा एक लाख रुपैयाँभन्दा बढी शुल्क लाग्ने सेवाको करार गर्नुपर्दा काठमाडौं उपत्यकाका कार्यालयहरु एवं केन्द्रीय स्तरका निकायले पन्ध्र दिनको सूचना राष्ट्रिय स्तरको पत्रिकामा प्रकाशन गरी प्रक्रियाबमोजिम करार सेवा लिनुपर्ने व्यवस्था छ । गाँउपालिकाले विभिन्न कार्यको लागि भएको भनी विभिन्न मितिमा सम्झौता गरी गाँउकार्यपालीकाको सिफारिसमा १४ कर्मचारी नियुक्ती गरी खर्च लेखेको पाइयो । यसरी नियममा व्यवस्था भए अनुरुपको प्रक्रिया पूरा गरी सेवा करार लिनुपर्नेमा गाँउ कार्यपालिकाको सिफारिसको आधारमा करार सेवा गरी यस आ.ब.मा रु.३३,४३,९२७। खर्च गरेको पाइएकोले खर्च नियमसम्मत् देखिएन ।		
31.	**कर विजक:**मुल्य अभिबृद्धी कर नियमावली २०५३ को नियम ६क वमोजिम सार्वजनिक निकायले खरिद संझौता र मूल्य अभिवृद्धिकर भूक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ । देहायका फर्मवाट भुक्तानी लिएको मूल्य अभिवृद्धि कर समायोजन भएको प्रमाण पेश गर्नुपर्दछ ।	2,39,766/-	

मिति	फर्मको नाम	स्थायी लेखा नम्बर	भुक्तानी रकम	मु अ कर रकम
2074/5/7	आरसि प्रिन्टीग प्रेस	304254969	206875	26894
2074/11/12	ज्योति एडर्भटाइजिंग एण्ड मार्केटिंग प्रा.लि.	301637785	93600	12168
2074/10/26	जे.पी मिडिया प्रा.लि.	602498502	64800	8424

दफा नं.	गो .भौ. नं र विवरण	रकम	फछ्र्यौट

2074/11/2	पूजा प्रिन्टिंग प्रेस	302579198	254025	33023
2075/1/10	ज्वाइन मिडिया हाउस प्रा.लि.	305033433	32400	4212
2075/2/3	आरसि प्रिन्टिग प्रा.लि.	304254969	329500	42835
2075/3/1	मल्टीफेरस कन्सल्टेन्सी एण्ड रिसर्च सेन्टर प्रा.लि.	600329312	353251	45923
2075/3/10	आमा नोटिस एण्ड एडर्भटाइजिंग	607758292	350000	45500
2075/2/9	माँ काली कम्प्युटर	302651056	159900	20787
	hDDff			**239766**

32. **पदाधिकारी/कर्मचारी सुविधा :**

32.1. **पदाधिकारी सुविधा :** गाँउ तथा नगर सभाका सदस्यहरुले पाउने सुविधाको सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन,२०७५ को दफा ३ मा गाउँपालिकाका अध्यक्ष,वडाध्यक्ष कार्यपालिकाका सदस्य र वडा सदस्यले प्राप्त गर्ने सुविधा सम्वन्धमा ऐनको अनुसूची १ मा उल्लेख भएबमोजिमको सुविधालाई अधिकतम कायम गरी कार्यापालिकाले निर्धारण गरेबमोजिमको सुविधा पाउने व्यवस्था छ । यस गाउँपालिकाको कार्यालयले ऐन बमोजिमको सुविधाका सम्वन्धमा कार्यपालिकाले निर्णय गरेर बैठक भत्ताका अतिरिक्त मासिक तलब सुविधा समेत लिएको देखिन्छ । यस बर्ष पदाधिकारी तलब बापत रु.३६,४८,०००। र बैठक भत्ता बापत रु.६,५३,९००। खर्च देखिन्छ । यस्तो सुविधा लिँदा गाउँपालिकाको राजश्व आन्तरिक आय समतेलाई ध्यान दिएर निर्धारण गर्नुपर्ने देखिन्छ । यस बर्ष आन्तरिक आय रु. 4343050.02. /रहेको मा पदाधिकारी सुविधा बापत खर्च रु.४३,०१,९००। रहेबाट आयको तुलनामा पदाधिकारी सेवा सुविधा ९९ प्रतिशत रहेको छ ।

32.2. उक्त ऐनको अनुसूची १ क ऐनको दफा ३ को उपदफा १ र दफ ८ को उपदफा १ मा बैठक भत्ता, विदेश भ्रमण बाहेक पदाधिकारीले पाउने सुविधा निम्नानुसार भएकोमा सो भन्दा बढि हुने गरी भुक्तानी दिएको देखिएकोले उक्त रकम असुल हुनुपर्ने देखिएको रु. 5,98,500/-

पद	पाउने सुविधा		पर्व खर्च	जम्मा पाउने	लिएको सुविधा		पदाधिकारी संख्या	बढि भुक्तानी	कुल बढि भुक्तानी
	मासिक (यातायात समेत)	बार्षिक			मासिक	बार्षिक			
अध्यक्ष	28000	315000	10000	325000	24000	312000	1	0	00
उपाध्यक्ष	22500	270000	10000	280000	19000	247000	1	0	00
वडा अध्यक्ष	10000	120000	10000	130000	14000	182000	7	52000	364000
गाउँपालिका सदस्य	4500	54000	10000	64000	7500	97500	7	33500	234500

दफा नं.	गो .भौ. नं र विवरण	रकम	फछ्र्यौट

वडा सदस्य	3500	42000	10000	52000	4000	52000	22	0	0	
										598500

32.3.	**बिशेष भत्ताः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६मा स्थानीय सेवाको शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने तथा दफा ८८ मा स्थानीय सेवाका कर्मचारीको शुरु तलब स्केल प्रदेश सरकारले तोके बमोजिम हुने र त्यसरी प्रदेश सरकारले नतोकेसम्म नेपाल सरकारले तोके बमोजिम हुने व्यवस्था छ । गाउँपालिकामा कार्यरत कर्मचारीले मासिक तलबका अतिरिक्त मासिक न्यूनतम २ हजार देखि १० हजारसम्म र वडाका कर्मचारीलाई न्यूनतम १ हजार देखि ३ हजार सम्म थप भत्ता समेत भुक्तानी गर्ने गरेको पाइएकोले उक्त सुविधा संघीय कानुनको सिद्धान्त र मापदण्ड अनुकुल नदेखिएकोले यस बर्ष कर्मचारी प्रोत्साहन खर्च भनी रु.१५,०५,६६३। खर्च लेखेको नियमसम्मत नदेखिएको रु.	15,05,663/-	
33.	**गाउँ सभा खर्चः** गाउँ सभा २०७४।११।१४ र ११।१५ मा बसी रु.२,१२,५३०। खर्च भएको उल्लेख गरेको छ । गाउँ सभाको नाममा मितव्ययी तवरले खर्च गर्नुपर्नेमा खाना, खाजा एवं भत्ता लगायतका विविध शिर्षकमा खर्च लेखेको छ । यस्तो खर्चमा नियन्त्रण गरी खर्चमा मितव्ययीता अपनाउनुपर्दछ ।		
34.	**कृषि कार्यक्रम तर्फ :** भौ.न ३२ मिति ०७४।७।२८ मा रु ६१८०००।०० र भौ.न १४० मिति २०७५।१।१९ मा रु ९५९०००।०० समेत रु १५७७०००।०० कामेश्वर यादवलाई र मिना प्रकुटी लाई १५६ मिति २०७५।२।९ मा रु २८२०००।०० पेश्की प्रदान गरी विभिन्न ४८ वटा वडा स्तरीय तालिम सञ्चालन र विभिन्न औषधी,विउ खरिद र वितरण गरेको विल भरपाई पेश गरी पेश्की फछ्र्यौट गरेकोमा निम्नानुसारको व्यहोरा रहेको छ ।		
34.1.	**क**) कार्य सञ्चालन निर्देशिका २०७३ मा सम्वन्धित निकायको प्रस्तुत कर्ताले कार्यपत्रबापतमात्र पारिश्रमिक पाउने, कक्षा लिए बापत पारिश्रमिक नपाउने, कार्यपत्र कम्तिमा ७५० शव्दको हुनुपर्ने र पारदर्शि पाना वा प्रस्तुतिकरण टिपोटको फोटोकपी मान्य नहुने उल्लेख भएकोमा कृषि विभागले प्रकाशन गरेको विभिन्न जानकारीमुलक पुस्तीकाको फोटोकपी समेत संलग्न देखिएकोले तोकिएको ढाँचाको कार्यपत्र प्रस्तुत हुनुपर्ने साथै निर्देशिका अनुसार कक्षा लिए बापतको नपाउने निम्नानुसारको रकम असुल गर्नुपर्ने देखिएको रु	1,34,400/-	

कर्मचारीको नाम	कक्षा संख्या	कार्यपत्रको		कक्षा लिएको	
		दर	रकम	दर	रकम
कृषि प्राविधिक कामेश्वर प्रसाद साह	96	800	76800	700	67200
प्रा.स मिना प्रुकुटी	96	800	76800	700	67200
जम्मा			**153600**		**134400**

34.2.	मिना प्रकुटी मार्फत रु २१००००।०० र कामेश्वर प्रसाद साह मार्फत रु १०७३०००।०० समेत जम्मा रु १२८३०००।०० को विभिन्न फर्महरुबाट कृषि मल,रसायनिक पदार्थहरु,कृषि औषधी,तरकारी,मसला र वाली विउ तथा कृषि सामाग्रीहरु पटक पटक खरिद गरी		

<table>
<tr><th>दफा नं.</th><th>गो .भौ. नं र विवरण</th><th>रकम</th><th>फछ्र्यौट</th></tr>
<tr><td></td><td>भुक्तानी गरेको छ । सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११ अनुसार लागत अनुमान वेगर तथा आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ७६ अनुसार कार्यालयले नेपालभित्र वा विदेशबाट मालसामान खरिद गर्दा सोझै सम्वन्धित विक्रेतालाई भुक्तानी दिनुपर्नेमा पेश्की मार्फत पटक पटक गरी विभिन्न फर्मबाट सोझै गरीद गरी भुक्तानी गरेको अनियमित देखिएको छ ।</td><td></td><td></td></tr>
<tr><td>34.3.</td><td>२ एचपि इलेक्ट्रीक पम्प सेट १२ थान रु १७७०० र वेन्ड सेट १२ थान रु ३०० को दरले खरिद गरेको छ । झापा जिल्लाको आ.ब २०७४।७५ को स्वीकृत जिल्ला दररेटमा २ एचपि इलेक्ट्रीक पम्प सेटको मुल्य रु १५५०० र वेन्ड सेटको मुल्य रु २७५ रहेकोमा जिल्ला दर रेट भन्दा रु ३०१७१।०० (भ्याट सहित) वढि भुक्तानी भएको रु</td><td>30,171/-</td><td></td></tr>
<tr><td>34.4.</td><td>प्रधानमन्त्री कृषि आधुनीकिकरण परियोजना अन्तरगत विगतमा छनौट भएका कृषि उद्योग र पकेट क्षेत्रलाई पुँजिगत रु ३ लाख र चालु १ लाख अनुदान दिने कार्यक्रम अनुसार निम्नानुसारको अनुदान रकम उपलव्ध गराएकोमा अनुदान रकमबाट गर्नुपर्ने काम र सो काममा सम्वन्धितको योगदानको अंश संभौतामा उल्लेख गरेको छैन जसको कारणले निजहरुले निर्माण तथा खरिद गरेको विलको आधारमा भुक्तानी भएको छ । विगत वर्षहरुको अनुदानबाट खरिद तथा निर्माण भएको संरचना र सामानहरुको विवरणको एकिन वेगरै यस वर्ष काम नतोकि संभौताको आधारमा रकम उपलव्ध गराएको अनियमित देखिएको रु
<table>
<tr><th>सि.न</th><th>भौ.न र मिति</th><th>अनुदानग्राही</th><th>अनुदान रकम</th></tr>
<tr><td>1.</td><td>161/075/2/15</td><td>क्वालीटी च्याउ उद्योग</td><td>400000.00</td></tr>
<tr><td>2.</td><td>197/075/3/14</td><td>वन्दगी कृषक समुह</td><td>400000.00</td></tr>
<tr><td>3.</td><td>222/075/3/24</td><td>वाली विकास मकै पकेट सञ्चालन समिति</td><td>400000.00</td></tr>
</table></td><td>12,00,000/-</td><td></td></tr>
<tr><td>35.</td><td>प्रकोप व्यवस्थापन कोषमा यस वर्ष प्राप्त रु १४८७२१००।०० मध्ये रु ९८७२१००।०० जिल्ला प्रशासन कार्यालयबाट प्राप्त गरेको रकमको सक्कलै श्रेस्ता जिल्ला प्रशासन कार्यालयमा पठाएको छ । गाँउपालिका अन्तरगत विभिन्न गैर सरकारी संस्था राजनीतिक दल लगायतले वितरण गरेको राहतको सम्बन्धमा अभिलेख नराखेकोले गाँउपालिका भित्र के कति रकम बरावरको राहत वितरण भयो र वितरित राहत प्रभावकारी नभएको एकिन हुन सक्ने अवस्था रहेन । साथै गाउँपालिका अन्तरगतका वडाहरुलेनै राहत वितरण गरी रकम माग गरेको आधारमा रकम प्रदान गर्ने प्रकृयामा सुधार हुनु पर्दछ ।</td><td></td><td></td></tr>
<tr><td>35.1.</td><td>राहत कोष बाटनै कार्यालयले वाढीको कारणले विग्रेका विभिन्न बाटो तथा अस्थायी पुल निर्माणको लागि खर्च गरेको छ । वाटोमा रहेका खाल्टो पूर्ने, सम्याउने,माटो काट्ने जस्ता कामहरु गरेको देखाएकोमा कामको स्थान खुल्ने गरी नापी किताबमा चेनेज उल्लेख नगरेकोले काम भए नभएको एकिन हुन सक्ने अवस्था रहेन ।</td><td></td><td></td></tr>
<tr><td>35.2.</td><td>वर्षातको समयमा आएको वाढीजन्य विपत्तिमा उद्धारको लागि २५ लाइफ ज्याकेट,२५ हेल्मेट र २१६ थान डोरी समेत विभिन्न सामानहरु रु १२८२७४।०० को खरिद गरेकोमा गाउँपालिका भित्र बाहेक सुरक्षा निकाय वडा कार्यालय लगायतका निकायलाई वितरण गरी खर्च लेखेको छ । कार्यालयले उद्दारको क्रममा प्रयोग गर्नुपर्ने सामानहरु पुनः प्रयोग गर्न सकिने गरी तत् निकायमा अभिलेख व्यवस्थित गर्नुपर्दछ ।</td><td></td><td></td></tr>
<tr><td>35.3.</td><td>भौ.न ६९ मति २०७५।३।२४ मा कार्यालयले विभिन्न ३ फर्मबाट ५००० थान सिमेन्टीका खालि वोरा प्रति वोरा रु १० का दरले खरिद गरेको छ । झापा जिल्लाको आ.ब २०७४।७५ को स्वीकृत जिल्ला दररेटमा सिमेन्टीका खालि पोलिथिनका वोराको दर प्रति वोरा रु ८</td><td></td><td></td></tr>
</table>

दफा नं.	गो .भौ. नं र विवरण	रकम	फछ्र्यौट
	रहेकोमा कार्यालयले जिल्ला दररेट भन्दा वढी दरमा विभिन्न फर्महरुबाट खरिद गर्दा रु १००००।०० वढी व्ययभार पारेको असुल गर्नुपर्ने देखिएको रु	10,000/-	
35.4.	आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम मा ७९ मा सरकारी कामकाजको निमित्त पेश्की लिनुपर्दा कुन कामको निमित्त के कति रकम चाहिने हो त्यसको विवरण पेस गर्नुपर्ने व्यवस्था वमोजिम पेश्की दिँदा लागत अनुमान तयार गरी सोहि बमोजिम पेश्की दिनुपर्ने र तोकिएको काम सम्पन्न भएपछि विलभरपाई पेश गरी फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाका ७ वटै वडाहरुलाई प्रति परिवार ५०० का दरले राहत वितरणको लागि २०७४ कार्तिक महिनामा पेश्की उपलव्ध गराएकोमा २०७५ असारमा फछ्र्यौट गरेको छ । पेश्की उपलव्ध गराँउदा कुन वडाले कति परिवारलाई राहत वितरण गराउनु पर्नेहो सो उल्लेख गरेको छैन साथै वडा ५ ले ३४०००।०० असारमा र वडा १ ले रु २५००००.०० पेश्की लिएकोमा विभिन्न ७९ परिवारलाई रु ३९५००।०० वितरण गरी वाँकि रु २१०५००।०० २०७५ पौष महिनामा नगदै दाखिला गरी पेश्की फछ्र्यौट गरेको देखिन्छ । साथै कार्यालयमा नगद दाखिला भएको भौचर प्राप्त नहुँदै पेश्की फछ्र्यौट देखाएको छ । विल भरपाई प्राप्त हुनु पूर्वनै पेश्की फछ्र्यौट देखाउने प्रवृत्तिमा सुधार हुनु पर्दछ ।		
36.	**पशु सेवा :** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११ अनुसार सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा सम्वन्धित सार्वजनिक निकाय वा त्यस्तो सार्वजनिक निकाय रहेको जिल्लाको सार्वजनिक निकायले चालु वा अघिल्ला वर्षहरुमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत, स्थानीय बजारमा प्रचलित दरभाउ, अन्य बजारको प्रचलित दरभाउ र मालसामान आपूर्ति गर्ने स्थानसम्म लाग्ने अनुमानित ढुवानी खर्च र उद्योग वाणिज्य संघले जारी गरेको दररेट को आधारमा लिनुपर्ने र आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ७६ अनुसार कार्यालयले नेपालभित्र वा विदेशबाट मालसामान खरिद गर्दा सोझै सम्वन्धित विक्रेतालाई भुक्तानी दिनुपर्ने व्यवस्था भएकोमा गाउँपालिकाले यस वर्ष पशु सेवा कार्यक्रम तर्फ औषधी, घाँसेवाली उत्पादन,पशु आहार र पशु प्रजनन् तथा रेविज र आकस्मीक रोग नियन्त्रण कार्यक्रमको लागि रु ४६९०००।०० पेश्की प्रदान गरी खरिदको लागत अनुमान तयार नगरि सोझै खरिद गरी कार्यक्रम सञ्चालन गरी रु ५३३२५९।०० खर्च गरेको छ । विनियोजित रकम विषयगत शाखा संयोजकलाई पेश्की प्रदान गरी आवश्यकता पहिचान,लागत अनुमान तयार नगरि खरिद गर्ने,तालिम तथा जनचेतनामुलक कार्यक्रम सञ्चालनको यथेष्ट प्रसारण वेगरै कृषक छनौट गरी कार्यक्रम सञ्चालन गर्ने गरेकोले खरिद प्रक्रिया मितव्ययी र प्रतिस्पर्धी भएको सुनिश्चित हुने र सामान वितरण गर्दा जनप्रतिनिधिको रोहवरमा वितरण गरी खर्च प्रमाणित गर्ने र पेश्कीबाट खरिद नगरी विक्रेतालाई भुक्तानी दिने व्यवस्था गरी आन्तरिक नियन्त्रण कायम गरिनु पर्दछ ।		
37.	**गरिबसंग विश्वेश्वर :** स्थानिय स्तरमा जनताको जिवनस्तर उकास्नका लागि वाखा वितरण,वाखा पालन तालिम र लेखा व्यवस्थापन तालिम सञ्चालन गर्न रु २६००००।०० खर्च गरेको छ । वाखा वितरणको लागि २३ वटा वाखा रु ७०००।०० को दरले खरिद गरेको छ । वाखा वितरणको लागि समुह गठन,कृषि समुह छनौट तालिम सञ्चालनमा सम्वन्धित विषय विज्ञ समावेश वेगरै वाखा पालन तालिम सञ्चालन गरी खर्च गरेको रु ५००००।०० र लेखा व्यवस्थापन तालिम सञ्चालन गरी खर्च रु ४४०००।०० र वाखा खरिदको लागि रु १६१०००।०० खर्च गरेको छ । यसरी कार्यक्रम सञ्चालन गर्दा कृषक र कृषि समुह विचमा सूचन प्रसारण गरी प्रस्ताव अव्हान मार्फत इच्छुक कृषक विचमा कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ । साथै झापा जिल्लाको आ.ब २०७४।७५ को स्वीकृत जिल्ला दररेटमा वाखा प्रतिगोटा रु ५०००।०० भएकोमा प्रति वाखा रु २०००।०० ले २३ वाखाको बढि खर्च लेखेको अनियमति	46000/-	

<table>
<tr><th>दफा नं.</th><th>गो .भौ. नं र विवरण</th><th>रकम</th><th>फछ्र्यौट</th></tr>
<tr><td></td><td>देखिएको रु</td><td></td><td></td></tr>
<tr><td>38.</td><td>पेश्कि बाँकि: आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ८१ बमोजिम तोकिएको अवधिमा पेश्की छफार्यौट गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले गत बर्षको पेश्की रु.४,६५,०००। हालसम्म पनि फछ्र्यौट भएको देखिएन । यस आर्थिक बर्षमा उपलब्ध गराएको पेश्की मध्येआर्थिक वर्षको अन्त्यसम्ममा पनि देहाय बमोजिम विभिन्न व्यक्तिको नाममा रु.२८,६६,०००। पेश्कि बाँकि देखिएकोले नियमानुसार फछ्र्यौट गर्नुपर्ने देखिएको छ ।
<table>
<tr><th>मिति</th><th>खर्च शिर्षक</th><th>पेश्की लिनेको नाम</th><th>प्रयोजन</th><th>रकम</th></tr>
<tr><td>231/075/3/32</td><td>प्रदेश सरकार</td><td>दधिराम घिमिरे</td><td>कर्ल्भट निमार्ण</td><td>300000.00</td></tr>
<tr><td>231/075/3/07</td><td>पूँजिगत</td><td>जुनतारा कन्स्ट्रक्सन प्रा.लि.</td><td>सडक निमार्ण</td><td>826000.00</td></tr>
<tr><td>231/075/03/07</td><td>पूँजिगत</td><td>एभरग्रिन कन्स्ट्रक्सन प्रा.लि.</td><td>सडक निमार्ण</td><td>1740000.00</td></tr>
<tr><td colspan="2"></td><td>जम्मा</td><td></td><td>2866000.00</td></tr>
</table></td><td>28,66,000/-</td><td></td></tr>
<tr><td>39.</td><td>लेखापरीक्षण: स्थानीय सरकार सञ्चालनऐन २०७४ को दफा ७७ मा स्थानीय तहले कानून बमोजिम आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनुपर्ने र आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका कैफियत अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाको संगठनात्मक तालिकामा आन्तरिक लेखा परीक्षण शाखाको व्यवस्था रहेकोमा एक आन्तरिक लेखापरीक्षण अधिकृतको व्यवस्था रहेकोमा पदपूर्ति भएको देखिएन । यस बर्ष कार्यालयले कोष तथा लेखा नियन्त्रक कार्यालयबाट आन्तरिक लेखापरीक्षण गरेकोमा प्रतिवेदनमा औल्याएका कैफियतहरु अन्तिम लेखापरीक्षण अगावै सम्परीक्षण गर्नुपर्नेमागरेको छैन । आन्तरिक लेखापरीक्षणबाट औल्याइएका व्यहोराहरु कायम गरिएको छ ।</td><td></td><td></td></tr>
<tr><td>39.1.</td><td>आन्तरिक श्रोत तर्फ : वडा नम्वर ३ बाट उठाइएको आन्तरिक आम्दानी रु १५०६१।०० नगद मौज्दात रहेकोमा यथाशिघ्र दाखिला हुनु पर्दछ ।</td><td></td><td></td></tr>
<tr><td>39.2.</td><td>स्थानिय तहमा कार्यरत कर्मचारीहरुको तलवि प्रतिवेदन पास भएको नदेखिएकोले अधिकार प्राप्त निकाय वा गाउँ सभाबाट पास गर्नु पर्ने देखिन्छ ।</td><td></td><td></td></tr>
<tr><td>39.3.</td><td>कार्यालय सम्वन्धी खर्च रु ४००००।०० भुक्तानी गर्दा आयकर ऐन,२०५८ को दफा ८९ अनुसार १.५ प्रतिशत कर कट्टि नगरेको रु</td><td>600.00</td><td></td></tr>
<tr><td>39.4.</td><td>गाडि भाडामा लिँदा सवारी दर्ता प्रमाण पत्र ,व्लु वुक,चालकको लाइसेन्सको प्रतिलिपि लिएर मात्र भुक्तानी गर्नुपर्ने देखिन्छ ।</td><td></td><td></td></tr>
<tr><td>40.</td><td>वित्तिय जवाफदेहिता मूल्यांकन : कायांलयको व्यवस्थापकिय पक्ष, वित्तीय व्यवस्थापन पक्ष, सेवा प्रबाह र खरिद व्यबस्थापनरविकास निमांणको क्षेत्रगत सूचकहरुको आधारमा कायांलयको मूल्यांकन गर्दा कुल १०० पूणांकमा ब,द्य,ऋ,म् ग्रेडमध्ये यस कायांलय ऋग्रेडमा</td><td></td><td></td></tr>
</table>

दफा नं.	गो .भौ. नं र विवरण	रकम	फछ्र्यौट
	रहेको छ । कायांलयले वित्तिय जवाफदेहिताका लागी अति उत्तम अ)क हासिल गनं ब ग्रेड प्राप्त गनेंतफं ध्यान दिनुपदंछ ।		
41.	**अनुगमन तथा मूल्याङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फछ्र्यौट गर्ने व्यवस्था गरेकोमा निम्नानुसार देखिएको छ :		

गत वर्षको बेरुजु रकम (रु.)	यो वर्ष फछ्र्यौट	बाँकी
2206053.52	1352200.00	**853853.52**

42.

बेरुजु दफा	बेरुजुको व्यहोरा	फछ्र्यौटको व्यहोरा	सम्परीक्षण रकम	फर्छोट हुन बाकी	कैफियत
बेरुजु दफा १५	पेश्की फर्छौयट नभएको सम्बन्धमा	यस कायार्लय अन्तरगत ६ नम्वर बडा कार्यालयले श्री चेनप्रसाद नेपालको पेश्की फर्छयौट गरेको विल भरपाइ पेश हुन आएको हुदा उत्त भौचरबाट सक्कल विल भपाइ कागज प्रमाणका आधारमा पेश्की फर्छयौट गरेको	८५०००/००	००/००	पे.फ.
बेरुजु दफा १५	पेश्की फर्छौयट नभएको सम्बन्धमा	यस कायार्लय अन्तरगत ६ नम्वर बडा कार्यालयले कृषि कार्यक्रम प्रा.स.श्री हेमराज पोडेल पेश्की फर्छयौट गरेको विल भरपाइ पेश हुन आएको उत्त भोचर साथ पेश हुन आएका सक्कल कागजात विल भपाइको पेश हुन आएको हुदा पेश्की फर्छयौट गरेको	२००००००/००	००/००	पे.फ
बेरुजु दफा १९	आम्दानी नसारेको सम्बन्धमा	यस कायार्लय अन्तरगत ६ नम्वर बडा कार्यालयले आषाढ मसान्तमा जिम्मेवारी नसारेको सम्बन्धमा उल्लेखीत बेरुजु सम्वन्धीत बडा कार्यलयले यस कायाललको भोचर तथा बैक भोचर का आधार प्रमाणबाट मुलकोष खातामा रकम सारेको बैक भौचर पेश गरेको हुदा पेश हुन आएको हुदा फर्छयौट गरेको	२२५०००/००	००/००	पे.फ
बेरुजु दफा २	राजस्व असुलि तथा दाखिला सम्वन्धमा	यस कायार्लय अन्तरगत १ नम्वर बडा कार्यालयको दाखिला गर्न बाकी बेरुजुका सम्बन्धमा सोबडाबाट रकम प्राप्त गरि यस कायालयबाट भोचर उठाइ पश गरेको आधार प्रमाणबाट रकम रु ५५९८३ मध्ये रु ४३९१५ को बैक भोचर पेश हुन आएको हुदा फर्छयौट गरेको	४३९१५/००	००/००	भौचर पेश
बेरुजु दफा २	राजस्व असुलि तथा दाखिला सम्वन्धमा	यस कायार्लय अन्तरगत ६ नम्वर बडा कार्यालयको बास्तविक बेरुजु ३२५०८ हुन पर्नेमा ३२५०८७ हुन	१९३८/००	००/००	क.१ छ दाखिला

दफा नं.	गो .भौ. नं र विवरण						रकम	फछ्र्यौट
			गएको भनी उक्त बेरुजुमा सच्चायाइ रु ३२५०८ कायम गरि से मध्ये खरिदार श्री सुरेनकमार सुवेदी ले रु १९३८ बेरुजु दाखिलाको बैक भौचर पेश गरेको हुदा से रकम पेश हुदा फर्छयौट गरेको					
	बेरुजु दफा १७	कर कट्टी दाखिला नगरेको सम्बन्धमा	यस कायार्लय अन्तरगत ६ नम्वर बडा कार्यालयको विल भुतानी हुदा कर कट्टी नगरेको सम्बन्धमा रु ३६७२ को बेरुजु खातामा रकम जम्मा गरेको बैक भौचर पेश हुन अएकोले असुल फर्छयौट गरेको	३६७२/००	००/००	क.१ छ खाखिला		
	बेरुजु दफा १६	कर कट्टी दाखिला नगरेको सम्बन्धमा	यस कायार्लय अन्तरगत ४६ नम्वर बडा कार्यालय केचनाको अउम राउत १५ प्रतिसत कर कटटी नभएको सम्बन्धमा रु ३०००/ को बेरुजु खातामा रकम जम्मा गरेको बैक भौचर पेश हुन अएकोले असुल फर्छयौट गरेको	३०००/००	००/००	क.१ छ खाखिला		
	बेरुजु दफा १३	बिल भपाइ बेगर खर्च लेखेको	यस कायार्लय अन्तरगत १ नम्वर बडा कार्यालय घेरावरी ख्लकुद कार्यक्रम तर्फ श्री निशान चेम्जोङ पेश्की फर्छयौट गरेको बिल भरपाइ पेश हुन आएको हुदा उत्त कागजात विल भपाइ आधार प्रमाणाबाट सो पेश्की फर्छयौट गरेको	२०३०५	००/००	पे.फ.		
	बेरुजु दफा १६	कर कट्टी दाखिला नगरेको सम्बन्धमा	यस कायार्लय अन्तरगत १ नम्वर बडा कार्यालय मोटरसाइकल खरिदमा कर कटी नभएको सम्बन्धमा कर दाखिलाको बिल भरपाइ पेश हुन आएको हुदा फर्छयौट गरेको	३२११/००	००/००	भौचर पेश		
	बेरुजु दफा १६	कर कट्टी दाखिला नगरेको सम्बन्धमा	यस कायार्लय अन्तरगत ७ नम्वर बडा कार्यालयको बडा सचिव श्री राजेन्द्र प्याकुरेलको कर दाखिला नगरेको सम्बन्धमा नज कर्मचारीबाट रकम असुल गरि बैक भौचर पेश हुन पेश हुन आएको हुदा फर्छयौट गरेको	६०००/००	००/००	भौचर पेश		
	बेरुजु दफा १५	पेश्की फर्छयौट नभएको सम्बन्धमा	यस कायार्लय अन्तरगत १ नम्वर बडा कार्यालय घेरावारी अवलेकन भ्रमण बापत श्री भगिरथा अधिकारीले लिएको पेश्की रकम फर्छयौट भइ विल भपाइ आधार प्रमाणहरु पेश हुन आएको हुदा आएको हुदा पेश्की फर्छयौट गरेको	७००००/००	००/००	पे.फ.		

दफा नं.	गो .भौ. नं र विवरण						रकम	फछ्र्यौट
	बेरुजु दफा १५	पेश्की फर्छयौट नभएको सम्बन्धमा	यस कायार्लय अन्तरगत १ नम्वर बडा कार्यालय घेरावारी खुला दिसा मुत्त कार्यक्रम बापत श्री नारायण सिह राजवशीले लिएको पेश्की रकम फर्छयौट भइ आएको हुदा उक्त पेश्की विल भपाइ कागज प्रमाणका आधारमा पेश हुन आएको हुदा पेश्की फर्छयौट गरेको	११००००/००	००/००	पे.फ.		
	बेरुजु दफा २	राजस्व असुलि दाखिला	साविक पथरिया गाविसको २१०६६७ मध्ये खरिदार नेत्र दाहालबाट रु ९९२१४ र सचिव रोशन दाहालबाट रु ७८००० बैक भोचर पेश हुन अएकोलेफछ्र्यौट गरेको	१७७२१४	३३४५३	भौचर पेश		
	बेरुजु दफा १३	बिल भपाइ बेगर खर्च गरेको	साविक केचना गाविस को बिल भपाइ पेश नगरेकोमा केचनाको रु २१५४४५ को विल भपाइ पेश हुन अएको हुदा यत्त बेरुजको विल भपाइ कागज प्रमाणहरु पेश हुन आएकोले कायालयबाट समेत फर्छयौट गरेको क.जेषठ नागरिक रु २८०० ख.महरम पर्व रु १५०००.०० ग.दर्गा पूजा रु ३७०००.०० घ.सार्वजानिक निर्माणा रु ८७०००.०० कार्यलय सामान रु ४०९४५.०० आयकर दाखिला रु ७५००.००	२१५४४५.००	००			
	बेरुजु दफा १३	बिल भपाइ बेगर खर्च गरेको	साविक बालुवाडी गाविस को बिल भपाइ पेश नगरेकोमा लागत अनुमान तथा कार्य सम्पन्न प्रतिवेदन पेश नगरेको बेरुजमा सम्बन्धमा उत्त बेरुजु सचालन गर्ने उपभोत्ता समितिबाट बिल भपाइ पेश हुन आएको हुदा उत्त मा पेश गरेको विल भपाइ कागज आधार प्रमाणबाट बेरुजुलाइ	३९००००.००				
	जम्मा			13,52,200/-				
43.	**अनुगमन तथा मूल्याङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फछ्र्यौट गर्ने व्यवस्था गरेकोमा निम्नानुसार देखिएको छ : फछ्र्यौट सम्बन्धमा निम्न व्यहोरा देखिएका छन							

गत वर्षको बेरुजु रकम	यो वर्ष फछ्र्यौट	बाँकी
2206053.52	1352200.00	853853.52

<table>
<tr><th>दफा नं.</th><th>गो .भौ. नं र विवरण</th><th>रकम</th><th>फछ्र्यौट</th></tr>
<tr><td>44.</td><td>बेरुजु स्थिति : गाउपालिकाको आर्थिक वर्ष २०७४/७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छ : उल्लेखित ऐन बमोजिम फछ्र्यौट गर्न बाँकी सम्पूर्ण बेरुजु असूल फछ्र्यौट गरिनुपर्दछ ।
<table>
<tr><th>गत वर्षको फछ्र्यौट गर्न बाँकी</th><th>यो वर्ष सं.प.बाट कायम समेत बेरुजु (रु.)</th><th>यो वर्षको कायम बेरुजु रु.</th><th>जम्मा बेरुजु (रु.)</th></tr>
<tr><td>853853.52</td><td>0</td><td>15626794.23</td><td>16480647.75</td></tr>
</table></td><td></td><td></td></tr>
</table>

वित्तीय जवाफदेहिता मूल्याङ्कन

कार्यालयको नाम: कचनकवल गाउँपालिका आर्थिक वर्ष: ०७४।७५

क्र.सं.	सूचकहरू (Indicators)	कूल अङ्कभार	कूल प्राप्तांक	कैफियत
1.	**व्यवस्थापकीय पक्ष (सूचक संख्या : ५)**		०-५	
	i. संगठन संरचना, दरबन्दी र पदपूर्ती, कार्यविवरण तथा जिम्मेवारी बाँडफाँडको स्थिति,	5	3	
	ii. सञ्चालित कार्यक्रम वा सेवाको अनुगमन तथा आन्तरिक नियन्त्रण प्रणालीको पर्याप्तता,	5	3	
	iii. कार्यालयको भौतिक पूर्वाधार तथा सरसफाईको अवस्था,	5	3	
	iv. गुनासो सुनुवाई तथा तालुक निकायबाट हुने निरीक्षण र निर्देशन कार्यान्वयको अवस्था,	5	3	
	v. सरकारी सम्पत्तिको लगत, संरक्षण, जिन्सी निरीक्षण तथा सोको प्रतिवेदन कार्यान्वयन स्थिति	5	3	
2.	**वित्तीय व्यवस्थापन पक्ष (सूचक संख्या : ५)**		०-५	
	i. निकायको नीति तथा कार्यक्रम, बजेट तर्जुमा र कार्यान्वयनको स्थिति,	5	4	
	ii. विनियोजन, राजस्व, धरौटी लगायत सबै आर्थिक कारोबार अभिलेख र प्रतिवेदनको अवस्था,	5	4	
	iii. आन्तरिक लेखापरीक्षण र सोबाट औंल्याइएका व्यहोरा कार्यान्वयनको स्थिति,	5	3	
	iv. अन्तिम लेखापरीक्षणबाट औंल्याइएको बेरुजूको लगत र फछ्र्यौटको स्थिति,	5	1	
	v. वित्तीय सूचना प्रणाली प्रयोग र त्यसको उपयोगको अवस्था ।	5	3	
3.	**सेवा प्रवाह (सूचक संख्या : ५)**		०-५	
	i. कार्यालयमा रहेका सेवा प्रवाहसँग प्रत्यक्ष सरोकार राख्ने मेसिन तथा उपकरणहरु प्रयोग रहे नरहेको,	5	3	
	ii. सेवाग्राहीको समय र लागत घटाउन विद्युतीय माध्यमबाट सेवा प्रवाहको स्थिति,	5	1	
	iii. सेवा मापदण्ड निर्धारण, टोकन प्रणाली, एकद्वार सेवा प्रणाली, हेल्प डेक्स प्रणाली कार्यान्वयनको अवस्था	5	2	
	iv. निकायबाट प्रवाह हुने सेवाको नागरिक बडापत्र तथा सेवाको गुणस्तर सुधारका सम्बन्धमा उपयुक्त उपायहरुको अवलम्वन,	5	2	
	v. कार्यालयको सेवामा मध्यस्थ वा विचौलिया उपस्थितिको अवस्था ।	5	5	
४	**खरिद व्यवस्थापन/विकास निर्माण (सूचक संख्या : ५)**		०-५	
	i. खरिद कार्यको स्पेसिफिकेसन, डिजाइन र लागत अनुमान यथार्थताको अवस्था,	5	3	
	ii. खरिद विधिको पालना र प्रतिस्पर्धाको स्थिति,	5	3	
	iii. ठेक्का व्यवस्थापनमा समयतालिकाको पालना र पुँजीगत खर्चको स्थिति,	5	3	
	iv. ठेक्काको सम्झौताअनुसार खरिद कारबाहीको सम्पन्नता तथा सम्झौताअनुसार खरिद कार्य नभएको अवस्थामा त्यसउपर गरिएको कारबाहीको स्थिति,	5	3	
	v. तोकिएको मापदण्डअनुसार सार्वजनिक निर्माण तथा खरिद कार्यको गुणस्तर निर्क्यौलको स्थिति ।	5	2	
	कूल पूर्णाकः १०० प्राप्ताङ्कः प्रतिशतः ५७ प्राप्त ग्रेडिङः C		५७	

तह	स्कोर	ग्रेडिंग प्रदान गर्ने आधार:
अति उत्तम	८० –१०० प्रतिशत	A
धेरै राम्रो	६० –७९ प्रतिशत	B
राम्रो	४० –५९ प्रतिशत	C
सामान्य	४० भन्दा घटी प्रतिशत	D

बेरुजु वर्गीकरण:

क्र.सं.	असुली		नियमित गर्नुपर्ने		प्रमाण पेश गर्नुपर्ने		पेश्की		सैद्धान्तिक
	दफा नं.	रकम	दफा नं	रकम	दफा नं	रकम	दफा	रकम	दफा नं.
1	13.5	356000	12.2	2047505	1.1	657382.23	38	2866000	1
2	16.2	96000	18.1	150000	16.3	828000	जम्मा	2866000	३ देखि १२
3	20.7	199591	19	400000	17	22690			13.1 देखि १३.४
4	22.4	45500	23.6	1871800	21.1	850000			14
5	25.1	12088	23.7	70000	21.4	50000			15
6	25.3	2805	26.1	196043	27.1	605680			16
7	26.2	200000	32.3	1505663	31	239766			20
8	27.2	62950	37	46000	जम्मा	3253518.23			23
9	28.1	76500	जम्मा	6287011					24
10	29.1	10179							25.2
11	29.2	51841							26.3
12	29.3	133140							32.1
13	32.2	598500							33
14	34.1	134400							34.2
15	34.3	30171							35
16	34.4	1200000							36
17	35.3	10000							
18	39.3	600							
19	जम्मा	3220265							
20	कुल जम्मा	15626794.23							